का.जि.प्र.का.द.नं. १००/०५९/६०

१९ माघ २०८०,
शुक्रबार
2 February 2024,
Friday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ३५९ । पृष्ठ १४ | Madhyanha National Daily | www.madhyanhadaily.com



रुकुम पूर्वको भुमे गाउँपालिका-१ स्थित पहाडी भेगबाट गाउँ नजिक भेडीगोठ सार्दै रुकुम पूर्व लुकुमका स्थानीय भेडा पालक किसान । तस्बिर: कुलदीप न्यौपाने / रासस

### भिजिट भिसामा मानव तस्करी

# २२ जनाविरुद्ध मुद्दा दर्ता
# ८ जना फरार

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, १८ माघ ।

भिजिट भिसाका नाममा मानव तस्करी भएको विषयमा अनुसन्धान भएर अदालतमा मुद्दा पुगेको छ । प्रहरी प्रतिवेदनको आधारमा जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंले ९ अध्यागमन अधिकृतसहित २२ जनाविरुद्ध बिहीबार लिखत कीर्ते र संगठित अपराध सम्बन्धी कसूरमा मुद्दा दर्ता गरेको हो । जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंका प्रवक्ता समेत रहेका जिल्ला न्यायाधिवक्ता सिताराम अर्यालका अनुसार त्रिभुवन विमानस्थलबाट भिजिट भिसाका नाममा हुने मानव तस्करीमा संलग्नविरुद्ध मुद्दा दर्ता गरिएको हो । मुद्दा दर्ता लगत्तै पक्राउ परेका अध्यागमन अधिकृत नरवीर खड्काको सम्पत्ति लगायतमा थप छानबिनका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगका लेखि पठाउने निर्णयसमेत भएको छ ।

यसअघि जिल्ला प्रहरी परिसर, काठमाडौंले भिजिट भिसा प्रकरणमा संलग्न रहेकामध्ये २२ जनालाई प्रतिवादी बनाई मुद्दा चलाउन रायसहितको प्रतिवेदन जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंमा पेस गरेको थियो ।

त्रिभुवन विमानस्थलमा कार्यरत अध्यागमन अधिकृतहरू नरवीर खड्का, कुशल बराल, शैलेन्द्र ढकाल, विमल पौडेल, विष्णु अर्याल, विकाश डंगोल, पिताम्बर रिमाल र सुजन फागो तथा पहिले अध्यागमन कार्यालयमा कार्यरत रही हाल राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको सूचना तथा समन्वय शाखामा कार्यरत शाखा अधिकृत तारा बहादुर कुँवरलाई प्रतिवादी बनाएर मुद्दा दायर गर्न प्रतिवेदन दिएको थियो ।

सेटिङमा भिजिट भिसामार्फत मान्छे पठाएबापत २ लाख रुपैयाँ बुझिसकेको अवस्थामा अध्यागमन अधिकृत नरवीर खड्कालाई पक्राउ गरिएको भए पनि अन्य अध्यागमन अधिकृतहरू भने फरार रहेका छन् ।

नरवीर खड्काकै पोल बयानका आधारमा अन्य अध्यागमन अधिकृतहरूले समेत भिजिट भिसाको सेटिङ गरी कमिसन लिने गरेको पाइएपछि उनीहरुविरुद्ध समेत मुद्दा दायर भएको हो । त्यसबाहेक भिजिट भिसामा सेटिङ गर्ने, नक्कली कागजात तयार पार्ने र आफ्नो नक्कली कागजात तयारी पारी विदेश जान खोज्ने मानिसहरु समेतलाई प्रतिवादी बनाएर मुद्दा दायर गरिएको छ । मुद्दा दायर भएका अन्य व्यक्तिहरूमा नक्कली कागजात तयार पार्ने र अध्यागमनमा सेटिङ मिलाउने चितवन खैरहनीकी गीता शाह र काठमाडौं तीनकुनेका अरुण दाहाल छन् । अध्यागमनमा सेटिङ मिलाउनेहरू सिरहाका सरोजकुमार यादव, दोरम्बा ७, रामेछापका पदम लामा, पाँचखाल ५, काभ्रेपलाञ्चोकका मनोज तामाङ, चापाकोट नगरपालिका १, स्याङ्जाका रामप्रसाद भण्डारी, सत्यवती ७, गुल्मीका दिनेश ज्ञवाली, वालिङ ५, स्याङ्जाका रविन अर्याल, पथरी शनिश्चरे ७, मोरङका विनोद कार्की, धर्मदेवी नगरपालिका, संखुवासभा स्थायी ठेगाना भई हाल कामनपा ९ सिनामंगलस्थित होटल बाल्टिक ईन होटलका सञ्चालक ४२ वर्षीय आशिष भन्ने केदारबहादुर खड्का, सिमरा १५ बाराका कौशिला मगर, माहात्या दुधकोशी ४, सोलुखुम्बुकी लक्ष्मी राई र कमलामाई ५, सिन्धुलीकी रिता दमाइ छन् । प्रतिवादीहरूलाई लिखत कीर्तेको कसुरमा ७ वर्षसम्म कैद र ७० हजार रुपैयाँसम्म जरिवाना तथा संगठित अपराधमा लिखत कीर्ते कसुरको आधार सजाय गरी साढे १० वर्ष कैद सजाय र १ लाख ५ हजार जरिवानाको माग गरिएको छ ।

सेटिङमा पठाउँदा पुरुष भए प्रतिव्यक्ति १० देखि १५ हजार रुपैयाँ र महिला भए प्रतिव्यक्ति ४० देखि ५० हजार रुपैयाँसम्म कमिसन पाउने गरेको बयान प्रतिवादीहरुले दिएको बताइन्छ ।

> सेटिङ मिलाएर भिजिट भिसामा पठाउँदा पुरुष भए प्रतिव्यक्ति १० देखि १५ हजार रुपैयाँ र महिला भए प्रतिव्यक्ति ४० देखि ५० हजार रुपैयाँसम्म कमिसन पाउने गरेको बयान प्रतिवादीहरुले दिएको बताइन्छ ।

### सरकारी जग्गा विवाद प्रकरण

# अनुसन्धानको घेरामा विनोद चौधरी

नेपालकै ठूलो व्यापारिक घराना चौधरी ग्रुपले सरकारी जग्गा हडपेर निजी बनाएको विषयमाथिको अनुसन्धानमा विनोद चौधरी पनि छन् । तथापि उनको सम्बन्धमा कागजी संलग्नताको विषयमा सीआईबीले थप अनुसन्धान गरिरहेको छ ।



> पुरानो बाँसबारी छालाजुत्ता कारखानाको नामको उक्त जग्गा चाँदबाग रेसिडेन्सी प्रालिमा लगिएको पाइएको छ ।
>
> **किरण बज्राचार्य**
> प्रमुख, सीआईबी



बिहीबार पक्राउ परेका व्यवसायी अरुण चौधरी ।

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, १८ माघ ।

बाँसबारी छालाजुत्ता कारखानाको जग्गा विवादको अनुसन्धानका क्रममा व्यवसायी अरुण चौधरी पक्राउ परेका छन् । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)ले छालाजुत्ता कारखानाको १० रोपनी जग्गा सीजी रेसिडेन्सी प्रालिको नाममा नामसारी गरेको घटनामाथिको अनुसन्धानका क्रममा उनलाई पक्राउ गरेको हो । पक्राउ परेका व्यवसायी अरुण चौधरी विनोद चौधरीका कान्छो भाइ पृष्ठ २ मा

### सरकारमाथि दबाब बढाउँदै व्यवसायी



व्यवसायी अरुण चौधरी पक्राउ परेपछि उद्योगी/व्यावसायीले सरकारमाथि दबाब बाएका छन् । पत्रकार सम्मेलन नै गरेर उनीहरुले विरोध जनाएका हुन् ।

अरुण चौधरी पक्राउ परेलगत्तै नेपाल उद्योग परिसंघका अध्यक्ष राजेशकुमार अग्रवाल, इप्पानका अध्यक्ष गणेश कार्की, नाडाका उपाध्यक्ष निराकर श्रेष्ठ एकसाथ पत्रकार सम्मेलनमा उपस्थित पृष्ठ २ मा

### शशांक कोइराला

# धार्मिक एजेण्डा बोक्ने तयारी

प्रतिनिधि सभाको सवैभन्दा ठूला दल नेपाली कांग्रेसका पूर्वमहामन्त्री डा.शेखर कोइरालाले पार्टीको महासमिति बैठकमा धार्मिक एजेण्डा छलफलको विषय बन्ने बताएर राष्ट्रिय राजनीतिलाई थप तरंगित बनाएका छन् ।

**आरके डिसी / मध्यान्ह**
काठमाडौं, १८ माघ ।



नेपाली कांग्रेसका पूर्वमहामन्त्री डा.शशांक कोइरालाले धर्मको एजेण्डामाथि पार्टी महासचिव बैठकमा छलफल हुने बताएका छन् । कावासोतीमा पत्रकारहरुसँग कोइरालाले आसन्न महासमिति बैठकमा धर्मको एजेण्डामाथि छलफल हुने बताएका हुन् ।

त्यसको नेतृत्व केन्द्रीय सदस्य शंकर भण्डारीले गर्ने बताए । 'प्रभावशाली नेता शंकर भण्डारीले यो कुरा उठाउनु भएको छ । महासमिति बैठकमा यसमाथि छफल हुन्छ', कोइरालाले भने । उनी आफै पनि अहिलेको धर्म निरपेक्षता हटाउनुपर्ने पक्षमा रहेको बताए ।

'धर्म निरपेक्ष भनेपछि यो नकारात्मक भयो । न धर्म निरपेक्ष हुन्छ, न सापेक्ष हुन्छ', उनले भने । कोइराला पार्टीको महामन्त्री हुँदा समेत धर्म निरपेक्ष व्यवस्था राख्न नहुने मत राख्ने नेता हुन् । उनले लगातार धार्मिक स्वतन्त्रताको पक्षमा वकालत गर्दै आएका छन् ।

तर अहिलेसम्म कांग्रेसले धर्मबारे औपचारिक छलफल गरेको छैन । पूर्वमहामन्त्री कोइरालाले पार्टीभित्र धर्मबारे छलफल गर्नुपर्ने पक्षमा सात सय प्रतिनिधि रहेको समेत जानकारी दिए । 'सात सय जनाले दिएको निवेदनमाथि छलफल हुन्छ, यसमा ढुक्क छु', कोइरालाले भनेका छन् ।

कांग्रेसका संस्थापक नेता बीपी कोइरालाका पुत्र शशांकले यसअघि पनि धर्म निरपेक्षता हटाउनुपर्ने बताएपनि अहिले चासोका साथ हेरिएको छ । किनकि पार्टी सभापति शेरबहादुर देउवाले समेत धर्म निरपेक्षताबारे छलफल हुने सार्वजनिक अभिव्यक्ति दिइसकेका छन् । केही समय अगाडि रुपन्देही पुगेका सभापति देउवाले धर्ममाथि छफल हुने बताएका थिए ।

अहिले कोइराला र सभापति देउवाको अभिव्यक्तिलाई चासोका साथ हेरिनुमा भने पूर्वराजा ज्ञानेन्द्र शाहको गतिविधि बढ्नु र राप्रपाले फागुनबाटै आन्दोलनको घोषणा गर्नु हो । ज्ञानेन्द्र शाहले झापा, पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

# युरोप पठाउने भन्दै करोडौं ठग्ने तामाङ पक्राउ

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ माघ

युरोपेली मुलुकमा वैदेशिक रोजगारीमा पठाइदिने भन्दै सयौं जनाबाट करोडौं रूपैयाँ ठगी गरेको अभियोगमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । ललितपुरको कन्जोसोम गाउँपालिका ४ घर भइ इमाडोल बस्दै आएका ३२ वर्षका सुजन तामाङलाई प्रहरीले पक्राउ गरेको हो ।

तामाङले युरोपेली मुलुक क्रोएशिया, माल्टा, पोल्याण्ड र क्यानडालगायतका देशमा वैदेशिक रोजगारीका लागि पठाइदिन्छु भन्दै ६ सय जना बढीबाट करोडौं लिएको प्रहरीले बताएको छ । बिहीबार काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले पत्रकार सम्मेलन गरी तामाङलाई सार्वजनिक गर्दै तामाङले बालाजु चोकमा युरो विंग्स एजुकेशन कन्सलटेन्सी सञ्चालन गरी आफूलाई विकास वाइबाको नक्कली परिचय दिइ करोडौं रुपैयाँ ठगी गरेको पाइएको प्रहरी नायव उपरीक्षक अनिल घिमिरेले जानकारी दिए ।

प्रहरी नायव उपरीक्षक अनिल घिमिरेका अनुसार तामाङ वैदेशिक रोजगार कसुरसम्बन्धी मुद्दामा वैदेशिक रोजगार विभागबाट पक्राउ पूर्जी जारी भएको थाहापाएपछि सम्पर्कविहीन भइ फरार रहेका थिए । तामाङले युरोपेली मुलुकमा कामदार पठाउँछु भनेर माल्टाका लागि ८ लाख, पोल्याण्डका लागि ७ लाख र क्रोएशियाका लागि ६ लाख ५० हजार रुपैयाँ तथा क्यानडाका लागि १८ लाखका दरले ठगी गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले दाबी गरेको छ । उनले ६ सयभन्दा बढी युवाबाट ५० पृष्ठ २ मा

### आवास क्षेत्रमा म्यानपावर हटाउन महानगरको उर्दी

## उर्दीविरुद्ध व्यवसायीले आन्दोलन गर्ने

**काठमाडौं / मस–** सामाखुसी क्षेत्रमा कार्यालय स्थापना गरेका वैदेशिक रोजगार व्यवसायीले ७ दिनभित्र कार्यालय हटाउनुपर्ने काठमाडौं महानगरपालिकाको उर्दीको प्रतिवाद गर्ने निर्णय गरेका छन् । बिहीबार काठमाडौं महानगरको गाडीबाट माइकिङ गर्दै उक्त क्षेत्रमा सञ्चालनमा रहेका म्यानपावर कम्पनीसहित उद्योगहरु ७ दिनभित्र स्थानान्तरण गर्न निर्देशन दिँदै उक्त अवधिमा स्थानान्तरण नगरेमा कानूनी कारबाही गर्ने महानगरले बताएको छ ।

महानगरको उर्दीपछि अन्योल र त्रासमा परेका व्यवसायीहरु बुधबार नै भेला भएका थिए । ठूलो संख्यामा म्यानपावर कार्यालय सञ्चालनमा रहेको उक्त क्षेत्रमा कतिपय व्यवसायीले आफ्नै लगानीमा भवन निर्माण गरेका छन् भने कतिपयले लाखौं लगानी गरेर वर्षादेखि स्थायी कार्यालय स्थापना पृष्ठ २ मा

### कुवेतमा सम्पर्कविहीन शर्मा सकुशल सम्पर्कमा



**चन्द्र गोतामे / मध्यान्ह**
कुवेत, १८ माघ

वैदेशिक रोजगारीका लागि कुवेत आएर केही समयदेखि सम्पर्कविहीन भएका दिल्लीराज शर्मा सकुशल सम्पर्कमा आएका छन् । कुवेतको स्थानीय रोमा इन्टरनेशनल कम्पनीमा कार्यरत बागलुङको जैमिनी नगरपालिका वडा नं. १ का शर्मा गत जनवरी १६ तारिकदेखि सम्पर्कविहीन भएका थिए । पृष्ठ २ मा

## सरकारी...

हुन् । विनोद चौधरी नेपालका अर्बपति हुन् । सिआइबी स्रोतका अनुसार विनोद चौधरी पनि यो प्रकरणमा अनुसन्धानको घेरामा छन् । उनी गत आम चुनावमा नेपाली कांग्रेसका तर्फबाट पश्चिम नवलपरासी-१ बाट प्रतिनिधि सभा सदस्यमा निर्वाचित सांसद समेत हुन् ।

सरकारको नामबाट हडपेर लगेको भनिएको उक्त १० रोपनी जग्गामा अहिले चौधरी ग्रुपले चाँदबाग स्कुल सञ्चालन गरिरहेको छ । सीआईबी प्रमुख किरण बज्राचार्यका अनुसार पुरानो बाँसबारी छालाजुत्ता कारखानाको नामको उक्त जग्गा चाँदबाग रेसिडेन्सी प्रालिमा लगिएको पाइएको छ । चाँदबाग रेसिडेन्सी प्रा.लि.का अध्यक्ष संजय ठाकुर हुन् । उनी पनि पक्राउ परेका छन् । सिआइबीका अनुसार बाँसबारीमा २०२१ मा छालाजुत्ता कारखाना खुलेको थियो । उक्त कारखानामा चौधरी ग्रुपले सरकारसँग मिलेर २०४४ मा बाँसबारी छालाजुत्ता कारखाना सञ्चालन भएकै कम्पाउण्डमा निजी कम्पनी स्थापना गरेका थिए । उक्त कम्पनी राखेर अगाडि बढेको ग्रुपले १० रोपनी सरकारी जग्गा निजी कम्पनीको नाममा पास गराएको सीआईबीको निष्कर्ष छ । त्यसबेला अजित नारायण सिंह थापा बाँसबारी छालाजुत्ता कारखानाको संचालक समितिका अध्यक्ष थिए । उनी पनि बिहीबार नै पक्राउ परेका छन् । संचालक समितिको निर्णय र प्रतिवेदनको आधारमा जग्गा मालपोतबाट पास गरेको सिआइबीको अनुसन्धान निष्कर्ष छ ।

सिआइबी स्रोतका अनुसार तीन महिनादेखि अनुसन्धान सुरु गरिएको थियो । यो प्रकरणमाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले १५ महिनादेखि अनुसन्धान गरिरहेको छ । नेपालकै ठूलो व्यापारिक घराना चौधरी ग्रुपले सरकारी जग्गा हडपेर निजी बनाएको विषयमाथिको अनुसन्धानमा विनोद चौधरी पनि छन् । तथापि, उनको सम्बन्धमा कागजी संलग्नताको विषयमा सिआइबी थप अनुसन्धानमै छ ।

## सरकारमाथि...

भए । नेपाल उद्योग परिसंघका अध्यक्ष अग्रवालले अरुण चौधरीलाई दोषी जसरी पक्राउ गरिएको भन्दै आपत्ति जनाए । यस किसिमको पक्राउले उद्योगी व्यवसायीहरुको मानमर्दन हुने उनको चेतावनी छ । लगानी सम्मेलनको तयारी भएको बेला अरुण चौधरी पक्राउ गर्नु राम्रो नभएको भन्दै उनले थपेका छन्, 'उनी भाग्ने मान्छे होइनन् । दोषी नै भए जसरी पक्राउ गर्नुपर्ने थिएन ।' देशको पूँजी निर्माणमा ७७ प्रतिशत योगदान निजी क्षेत्रको रहेको ख्याल गर्न सरकारलाई उनको आग्रह छ ।

इप्पानका अध्यक्ष कार्कीले निजी क्षेत्रलाई सरकारले पेल्दै ल्याएको बताए । निजी क्षेत्रको विकास नभई देश विकास नहुने बुझ्न सरकारलाई उनको आग्रह छ । नाडाका उपाध्यक्ष श्रेष्ठले निजी क्षेत्रलाई नतर्साउन चेतावनी दिए ।

## धार्मिक...

कञ्चनपुर, नेपालगञ्ज, रुपन्देही र वीरगञ्जमा आयोजित सभालाई सम्बोध नगरिसकेका छन् । ज्ञानेन्द्रले वीरगञ्ज पुगेर त फेरि राजसंस्था फर्कने विश्वास समेत गरेका थिए ।

लगत्तै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले ज्ञानेन्द्रको अभिव्यक्तिप्रति चर्को आपत्ति जनाएका थिए । तर कांग्रेसका नेताहरुले अहिलेसम्म कुनै सार्वजनिक टिप्पणी गरेका छैनन् । त्यसबिपरीत आगामी ७-१० फागुनका लागि तय भएको महासमिति बैठककै एजेण्डा धर्म बन्ने बताइनुले थप तरंग आउने देखिन्छ ।

कांग्रेसले धर्म निरपेक्षतामाथि बहस गर्दा त्यसको लाभ भने राजसंस्था र हिन्दू राज्य पुनर्स्थापना गर्ने राप्रपाको आन्दोलनलाई पुग्नेछ । राप्रपाले फागुनबाटै राजसंस्था फर्काउने र हिन्दू राज्य पुनर्स्थापित गर्नेगरी आन्दोलन गर्ने तयारी गरिरहेको छ ।

## युरोप...

हजारदेखि ६ लाख ५० हजारसम्म रकम लिएको प्रहरी बताएको छ । युवाहरूलाई वैदेशिक रोजगारको आकर्षक प्रलोभन देखाएर ठगी गरेको रकमबाट तामाङले ४ करोड व्यक्तिगत ऋण तिरेको, जलविद्युत सहकारी संस्थाबाट लिएको १५ लाख ऋण तिरेको, ५ लाखको सुनको ब्रास्लेट खरिद गरेको, हुण्डाईको क्रेटा गाडी खरिद गरेको, राप्ती म्यानपावर कम्पनीको ५० प्रतिशत शेयर खरिद गरेको र आफ्नो भाइको बैंक खातामा १५ लाख ५० हजार जम्मा गरेको पत्ता लागेको प्रहरीले बताएको छ ।

यस्तै वैदेशिक रोजगारीका लागि रोमानिया पठाइदिन्छु भनी बिमान तामाङलाई ठगी गरेको उजुरीका आधारमा प्रहरीले सल्यान बंगाद कुपिन्डे नगरपालिका वडा नं. ७ घर भइ हाल सामाखुसी बस्ने जगत ओली क्षेत्रीलाई पनि पक्राउ गरेको छ । ओलीले तामाङलाई वैदेशिक रोजगारीका लागि रोमानिया पठाउन ६ लाख ५० हजार रुपैयाँ लाग्छ भनि १ लाख ५० हजार रुपैयाँ लइ फरार रहेका थिए । उनलाई प्रहरीले माघ १७ गते सामाखुसीबाट पक्राउ गरेको हो ।

त्यस्तै माया तामाङलाई वैदेशिक रोजगारीका लागि क्रोएशिया पठाइदिने र त्यसका लागि ७ लाख रुपैयाँ लाग्छ भनि तीन लाख रुपैयाँ लिएर सम्पर्कविहीन भएको उजुरीका आधारमा मिङमार लामालाई पनि प्रहरीले पक्राउ गरेको छ । उता बिमला लामालाई वैदेशिक रोजगारीका लागि जापान पठाइदिन्छु भनि दुई लाख रुपैयाँ लिएर सम्पर्कविहीन भइ ठगी गरेको उजुरीका आधारमा भरत भट्टराईलाई पनि प्रहरीले पक्राउ गरेको छ । प्रहरीले पक्राउ परेकाहरूलाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको बताएको छ ।

## आवास ...

गरेका छन् । संविधानले नै पेशा व्यवसाय गर्ने स्वतन्त्रता दिएको र घरधनीलाई आफ्नो घर भाडामा लगाएर आयआर्जन गर्ने तथा सम्पत्तिको प्रयोग गर्ने मौलिक अधिकार दिएको अवस्थामा काठमाडौं महानगरले ७ दिनभित्र घरखाली गर्न निर्देशन दिनुलाई कतिपय व्यवसायीले असंवैधानिक र अव्यवहारिक भएको टिप्पणी गरेका छन् । बिहीबार भएको भेलाले सबैभन्दा पहिले गोंगबु आवास समिति, त्यसपछि वडा अध्यक्ष हुँदै माथिल्लो तहसम्म छलफल गर्ने निर्णय गरेको नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनका पूर्वअध्यक्ष एवम् नौकरी नेपाल रिक्रुटमेन्ट प्रा.लि.का सञ्चालक नरेन्द्र प्रसाद ढकालले जानकारी दिए ।

सरकारी निकाय कम्पनी रजिस्ट्रार कार्यालयमा दर्ता भइ आन्तरिक राजस्व कार्यालयमा कर तिरिरहेका व्यवसायीलाई उनीहरूको स्वतन्त्रतापूर्वक पेशा व्यवसायमा नियन्त्रण लगाउन खोज्नुलाई कतिपयले महानगरपालिकाको अदुर्दर्शी कदमका रूपमा लिएका छन् । उता पहिलो चरणमा दर्ता नभइ सञ्चालनमा रहेका उद्योग-व्यवसाय हटाउने योजनाअनुसार महानगरको टोलीले माइकिङ गरेको बताएको छ ।

## कुवेतमा...

झण्डै १५ दिनपछि शर्मा बिहीबार कुवेतको आदान एरियाबाट आफ्ना आफन्तसँग फोनमार्फत सम्पर्कमा आएका हुन् । उनले फोन गर्नासाथ उनका आफन्तहरु उनलाई लिन आदान पुगेको खोजीमा सक्रियपूर्वक लागेका रघुनाथ अर्यालले बताए । उनी सकुशल सम्पर्कमा आएसँगै शर्माकी श्रीमतीसहितका परिवार र आफन्तहरुले उनको खोजीका लागि पहल गर्ने कुवेतस्थित नेपाली दूतावासलगायत सबैलाई धन्यवाद व्यक्त गरेका छन् । नेपाली दूतावास कुवेतका प्रथम सचिव प्रेमराज गौतमले पनि सम्पर्कविहीन भएका शर्मा सम्पर्कमा आएको जानकारी दिए । शर्माले आफ्नो भिसालगायत अन्य कागजातमा समस्या भएकाले प्रहरीको नियन्त्रणमा परेको बताएका छन् । कुवेतले अवैधानिक कामदारविरुद्ध धरपकड तीव्र पारेको छ । कुवेतले कानून उल्लंघन गरेको आरोपमा अवैधानिक हैसियतमा रहेका विदेशी कामदारलाई पक्राउ गरी डिपोर्ट गरिरहेको छ । कुवेतमा कार्यरत नेपाली श्रमिक पनि सतर्क रहन जरुरी रहेको दूतावासको भनाइ छ ।

यसैबीच कुवेत आएको तीन महिना नपुग्दै धनुषाका ३२ वर्षीय राम सेवक दासले आत्महत्या गरेका छन् । धनुषा जनक नन्दनी गाउँपालिका महुवा वडा नं. ४ घर भइ वैदेशिक रोजगारीका लागि २७ नोभेम्बर २०२३ मा कुवेत आएका दासले २७ जनवरी २०२४ मा कुवेतस्थित माबुलामा आत्महत्या गरेका हुन् । कुवेतको अल निसेफ युनाइटेड कन्ट्र्याक्टिङ कम्पनीमा दास कार्यरत थिए । घरमा तीन छोरा-छोरी र श्रीमती रहेका दासले के कारणले आत्महत्या गरेको भन्नेबारे खुल्न सकेको छैन ।

घटनाबारे कुवेतस्थित नेपाली दूतावासमा प्रारम्भिक जानकारी मिलेको र आवश्यक कानूनी प्रक्रिया पूरा गरी छिट्टै शव नेपाल पठाइने दूतावासका प्रथम सचिव प्रेमराज गौतमले जानकारी दिए ।

# लागुऔषधसहित २ जना पक्राउ

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, १८ माघ

बर्दियाको गुलरिया नगरपालिका-२ संगमबस्ती बस्ने २२ वर्षीय विजय तिरूवालाई अवैध लागुऔषध ब्राउनसुगर जस्तो देखिने धुलो पदार्थ ५ सय २० मिलिग्रामसहित प्रहरीले पक्राउ गरेको छ ।

कारागार सुरक्षा गार्ड बर्दियामा खटिएको प्रहरीले बर्दिया कारागारमा रहेका कैदीबन्दीहरूसँग भेटघाट गर्न आएका तिरूवालाई जाँच गर्ने क्रममा काँचो माछाभित्र लुकाई छिपाई ल्याएको उक्त पदार्थ फेला पारी पक्राउ गरिएको हो ।

यसैगरी बर्दिया, मधुबन नगरपालिका-५ गाउँ नम्बर १० बस्ने २४ वर्षीय किरण पुन मगरलाई अवैध लागुऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ १ ग्राम ६ सय ३० मिलिग्रामसहित प्रहरीले पक्राउ गरेको छ । ईलाका प्रहरी कार्यालय ढोढरी र सानोश्रीबाट खटिएको प्रहरीले उनको घर तलासी गर्दा उक्त पदार्थ फेला पारी पक्राउ गरेको हो ।


Bagmati Province Government

**Ministry of Physical Infrastructures Development**

**Urban Development and Building Office**

Hetauda, Makwanpur

**Invitation for Bids**

**Date of publication: 2080/10/19**

The Urban Development and Building office (UDBO), Bagmati Province, Hetauda, Makawanpur invites electronic bids for Nepalese eligible bidders for the Procurement of following works under NCB (National Competitive Bidding) procedures.

| S. N. | Contract Identification No. | Brief description of the Works | T. Estimated Amount (without Vat & Contg.) | Bid document price (NRs.) | Bid Security Amount (NRs.) |
|---|---|---|---|---|---|
| 1 | UDBO/ MAK/NCB/ WORK/2079/ 80-05 | Asphalt Laying, Stone Masonry works and other Road Improvement works at Ratnanagar-05 & 06, Chitwan a) Dental chowk to Kripan Sapkota Ghar, b) Dughda Bibidhikaran Uddhyog Road to Narayan Timalsina Road Sauraha, c) Janakauli Mandir to Need's Pul Sauraha, d) Purano Ward Ofc to Bachhyauli Road, e) Tarauli chowk to Jhuwaani Sauraha Road | 8,266,552.45 | 3000.00 | 2,10,000.00 |
| 2 | UDBO/ MAK/NCB/ WORK/2079/ 80-06 | Asphalt Laying, RCC slab works and other Road Improvement works at kalika-03 & 06, Chitwan, a) Ghising tole to khagraj kattel's house b) Duhi shaye bigha gardas c) Surya subedi's house to pitamber's house with north side of Jungle's territory. | 5817611.49 | 3000.00 | 1,50,000.00 |
| 3 | UDBO/ MAK/NCB/ WORK/2079/ 80-07 | Ramnagar-Devghat-Thingura-Thingura-Ramnagar Paved Road Bharatper, Chitwan | 9250477.91 | 3000.00 | 2,35,000.00 |
| 4 | UDBO/ MAK/NCB/ WORK/2079/ 80-08 | Nepal Bar Association Bhavan Nirman Hetauda, Makawanpur | 1688065.23 | 3000.00 | 50,000.00 |
| 5 | UDBO/ MAK/NCB/ WORK/2079/ 80-09 | Asphalt Laying works at Gainda dhap Pul towards South Hardali Tole, Rapti-03, Chitwan | 3351538.19 | 3000.00 | 84,000.00 |
| 6 | UDBO/ MAK/NCB/ WORK/2079/ 80-10 | Indrenimarg ko saundriyakaran garne karyko lagi smart light jadan, bharatpur-14 (Prembhattko ghar Dekhi dakshin ghol samm) Bharatpur -26 , Chitwan | 3377921.27 | 3000.00 | 85,000.00 |
| 7 | UDBO/ MAK/NCB/ WORK/2079/ 80-11 | Sundarbasti Indreni Karya Sthir CH1+050 Maa Gholko Culvert Nirman, Bharatpur-14, Chitwan | 2535840.72 | 3000.00 | 65,000.00 |
| 8 | UDBO/ MAK/NCB/ WORK/2079/ 80-12 | Dhal Tatha Phutpath Nirman Baki Khand Bashudev Marg Hetauda-2, Makwanpur | 1685805.19 | 3000.00 | 50,000.00 |

1. The bidder shall submit their bid through e-submission procedure only.
2. For further more information refers the bids published at www.bolpatra.gov.np or Contract Urban Development and Building office Hetauda, Makawanpur, 057-520344, udbomak@gmail.com.

**Acting Office Chief**



## UAE को प्रतिष्ठित कम्पनीमा रोजगारी

**कम्पनी:** SINYAR AL KHALEEJ CONT. LLC **शहर:** ABU DHABI

**पूर्व स्वीकृत मितिः** २०८०/१०/१८ **चलानी नं.:** ६०२१४१७५ **LT. No.: 299276**

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: AED | मासिक तलब: ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Black Smith | 4 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Building Labourer | 25 | 0 | | 900 | ३२,४९० | | | | | | | |
| 3. | Carpenter | 2 | 0 | | 1200 | ४३,३२० | | | | | | | |
| 4. | Mason | 8 | 0 | | 1200 | ४३,३२० | | | | | | | |
| 5. | Plasterer | 3 | 0 | | 1200 | ४३,३२० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ २६ गते (9 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**अञ्जली ओभरसिज सर्भिस प्रा. लि.** श्रम इजाजत नं. ६३९/०६३/०६४

**सामाखुशी, काठमाडौं,** (चोकबाट अल नेपाल हस्पिटलको बाटोहुँदै महादेवटार हाइट जाने बाटो)

Tel : 01- Tel : 01- 4987207/4982296, E-mail : pro@anjalioverseas.com.np



## डम्फु पार्क निर्माण आयोजनाको लागि संक्षिप्त वातावरणीय अध्ययन (BES) तयारीको सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशन मितिः २०८०/१०/१९)**

बागमती प्रदेश, काठमाडौं जिल्ला, नागार्जुन नगरपालिकाद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वय गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | नागार्जुन नगरपालिका<br>नगर कार्यपालिकाको कार्यालय<br>हरिसिद्धि सीतापाईला, काठमान्डौ<br>फोन:०१-५३७५५४०,५६७१७१७<br>इमेलः info@nagarjunmun.gov.np |
| **प्रस्तावको व्यहोरा** | बागमती प्रदेश काठमाण्डौ जिल्ला नागार्जुन नगरपालिका वडा नं ट अन्तर्गत डम्फु पार्क निर्माण आयोजना |
| **प्रभाव पर्ने सक्ने जिल्ला र नगरपालिका** | काठमाडौं/नागार्जुन नगरपालिका वडा नं ६ |

माथि उल्लिखित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो क्षेत्रको विद्यालय, अस्पाल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगानाः**

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| नागार्जुन नगरपालिका<br>नगर कार्यपालिकाको कार्यालय<br>हरिसिद्धि सीतापाईला, काठमाडौं<br>फोन:०१-५३७५५४०,५६७१७१७<br>इमेलः info@nagarjunmun.gov.np | अक्षता ईन्जिनियरिङ कन्सल्टेन्सी प्रा. लि.,<br>नागार्जुन नगरपालिका-१ काठमाडौं<br>बागमती प्रदेश<br>फोन नं: ९८०३५८७८७६<br>इमेलः akchhetaengineeringconsultancy@gmail.com |



## सहिद धर्मभक्त माथेमा काठमाडौं महानगर मानव सेवा आश्रम निर्माण आयोजनाको लागि संक्षिप्त वातावरणीय अध्ययन (BES) तयारीको सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशन मितिः२०८०/१०/१९)**

बागमती प्रदेश, काठमाडौं जिल्ला, नागार्जुन नगरपालिकाद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वय गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | नागार्जुन नगरपालिका<br>नगर कार्यपालिकाको कार्यालय<br>हरिसिद्धि सीतापाईला, काठमाण्डौ<br>फोनः ०१-५३७५५४०, ५६७१७१७<br>इमेलः info@nagarjunmun.gov.np |
| **प्रस्तावको व्यहोरा** | बागमती प्रदेश काठमाण्डौ जिल्ला नागार्जुन नगरपालिका रामकोट अन्तर्गत सहिद धर्मभक्त माथेमा काठमाण्डौ महानगर मानव सेवा आश्रम निर्माण आयोजना |
| **प्रभाव पर्ने सक्ने जिल्ला र नगरपालिका** | काठमाडौं/नागार्जुन नगरपालिका वडा नं ६ |

माथि उल्लिखित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो क्षेत्रको विद्यालय, अस्पाल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगानाः**

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| नागार्जुन नगरपालिका<br>नगर कार्यपालिकाको कार्यालय<br>हरिसिद्धि सीतापाईला, काठमाडौं<br>फोन:०१-५३७५५४०, ५६७१७१७<br>इमेलः info@nagarjunmun.gov.np | राइजिङ ईन्जिनियरिङ कन्सल्टेन्ट प्रा. लि.,<br>नागार्जुन नगरपालिका-१ काठमाडौं<br>बागमती प्रदेश<br>फोन नं: ९८५१२०३५८१<br>इमेलः risingengineeringconsultant@gmail.com |



## एच.डि.सि.एस.-नमुना सामुदायिक अस्पतालको (२५ शैया)को लागि संक्षिप्त वातावरणीय अध्ययन (BES) तयारीको सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशन मितिः२०८०/१०/१९)**

गण्डकी प्रदेश, लमजुङ जिल्ला, एच.डि.सि.एस.-नमुना सामुदायिक अस्पताल द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वय गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | एच.डि.सि.एस.-नमुना सामुदायिक अस्पताल<br>सुन्दरबजार नगरपालिका वडा नं ६, लमजुङ<br>फोनः ०६६-४०२१२३<br>इमेलः nchlamjung@gmail.com |
| **प्रस्तावको व्यहोरा** | गण्डकी प्रदेश, लमजुङ जिल्ला, एच.डि.सि.एस.-नमुना सामुदायिक अस्पताल (२५ शैया) स्तरउन्नति |
| **प्रभाव पर्ने सक्ने जिल्ला र नगरपालिका** | लमजुङ/सुन्दरबजार नगरपालिका वडा नं ६ |

माथि उल्लिखित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका तथा सो क्षेत्रको विद्यालय, अस्पाल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावका लागि पत्राचार गर्ने ठेगानाः**

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| एच.डि.सि.एस. - नमुना सामुदायिक अस्पताल<br>सुन्दरबजार नगरपालिका वडा नं ६, लमजुङ<br>गण्डकी प्रदेश<br>फोनः ०६६-४०२१२३<br>इमेलः nchlamjung@gmail.com | युनिक डिजाइन एण्ड डेभलपमेन्ट ईन्जिनियरिङ कन्सल्टेन्सी प्रा. लि., सानेपा, ललितपुर<br>बागमती प्रदेश<br>फोन नं: ९८५१२०३५८१<br>इमेलः uddec01@gmail.com |

# १५ दिनभित्र राय नदिए फाइल स्वतः सदर



**काठमाडौं/मस**–विभिन्न विषयगत मन्त्रालयमा रायका लागि पेस भएका फाइलहरू १५ दिनभित्र अनिवार्यरूपमा सम्बन्धित निकायमा रायसहित फिर्ता पठाउनुपर्ने भएको छ ।

अन्तर मन्त्रालयगत समन्वयलाई प्रभावकारी बनाएर निर्णय प्रक्रियामा हुने ढिलाइलाई हटाउन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को निर्देशनमा उक्त व्यवस्था गरिएको हो । निर्देशनअनुसार कुनै विषयमा कुनै पनि मन्त्रालयले अन्य कुनै मन्त्रालय वा निकायसँग राय माग गरेको १५ दिनभित्र सम्बन्धित मन्त्रालय वा निकायलाई फाइल फिर्ता नगरेमा स्वतः सहमति भएको मानिनेछ ।

गत पुस २४ गतेको मन्त्रिपरिषद् बैठकले सरकारी कार्यप्रक्रियामा शीघ्रता कायम गर्न सुशासन ऐनबमोजिम सो निर्णय गरी नेपाल सरकारका सबै मन्त्रालयहरूमा परिपत्र गरिएको छ ।

परिपत्रअनुसार अब अन्य मन्त्रालय वा निकायबाट रायका लागि माग भइआएका विषयमा सम्बन्धित मन्त्रालय वा निकायले १० दिनभित्र राय दिनुपर्नेछ र १५ दिनभित्र पनि नदिए त्यस विषयमा स्वतः सहमति दिएको मानिने व्यवस्था गरिएको छ । राय, सहमतिका लागि मन्त्रालयमा फाइल पुगे पनि त्यसउपर समयमै राय प्रतिक्रिया तथा सहमति प्रदान नगर्ने र सो ढिलासुस्तीका कारण विकास निर्माण, कानुन निर्माण तथा सेवा प्रवाहसम्बन्धी विभिन्न सरकारी निकायका कामहरूमा असर परेपछि मन्त्रिपरिषद्ले यस्तो निर्णय गरेको हो ।

सरकारको यो निर्णयबाट कुनै पनि मन्त्रालयलाई मन्त्रिपरिषद्मा प्रस्ताव ल्याउन सहज भएको छ। यसले सरकारका गतिविधिमा हुँदै आएको ढिलासुस्ती कम हुँदै गएको छ। यसले विभिन्न मन्त्रालयले अन्य मन्त्राललयलाई दिनुपर्ने रायका विषयमा झुलाएर राख्ने प्रवृत्ति कम हुँदै गएको छ । प्रधानमन्त्रीको सक्रियतामा भएको उक्त निर्णयपश्चात् अन्तरमन्त्रालय कार्यमा गति पैदा भएको प्रधानमन्त्रीका प्रेस सल्लाहकार गोविन्द आचार्यले बताए। उनले भने, 'अब काम हुन्छ वा हुन्न भन्ने स्पष्ट खुलाउनपर्ने हुन्छ, विगतमा जस्तो ढिलासुस्ती गर्न पाइन्नँ ।'

विगतमा छ महिना, वर्ष दिनसम्म पनि परामर्श नदिने अवस्था रहेको गुनासो आउने गरेमा त्यो समस्या अन्य भएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रवक्ता नारायणप्रसाद भट्टले बताए। उनले भने, 'विकास-निर्माणका निम्ति नीति निर्माण, कार्यान्वयन एवं मूल्यांकनलगायत विषयमा राय लिनुपर्ने हुन्छ, राय दिनुपर्ने समयसीमा तोक्दा कार्यसम्पादन सहज भएको छ ।'

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सुशीलचन्द्र तिवारीले प्रधानमन्त्री कार्यालयबाट निर्णय आएको जानकारी दिँदै विकास निर्माणमा यसले सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गरे । उनले विकास निर्माणमा केन्द्रित भएका मन्त्रालयले मन्त्रिपरिषद्को निर्णयले विकास निर्माणमा हुने गरेको ढिलासुस्ती कम भएर जाने बताए ।

प्रधानमन्त्री कार्यालयका प्रवक्ता भट्टले मन्त्रालयगत 'ब्रिफिङ'का क्रममा प्रधानमन्त्रीसँग मन्त्रिपरिषद्का सदस्य तथा विभिन्न मन्त्रालयका सचिवले कानूनका मस्यौदा तथा अन्य निर्णयका विषयमा मागिएको राय समयमा प्राप्त नहुँदा काम गर्न ढिलाइ भएको बताएसँगै प्रधानमन्त्री दाहालले राय तथा सहमति दिने सम्बन्धमा समयसीमा तोकेर व्यवस्था गर्न निर्देशन दिएबमोजिम मन्त्रिपरिषद्ले पछिल्लो निर्णय गरी परिपत्र गरेको हो ।

# 'एलएमसी अलर्ट' मोबाइल एप सार्वजनिक




**ललितपुर/मस**–ललितपुर महानगरपालिकाले 'एलएमसी अलर्ट' मोबाइल एप सार्वजनिक गरेको छ । महानगरका नागरिकका तथा विपद सम्बन्धी समस्या समाधान गर्ने उद्देश्यले उक्त 'एप'को व्यवस्था गरिएको हो । ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनले बिहीबार आयोजित एक कार्यक्रमबीच 'एलएमसी अलर्ट' एप सार्वजनिक गरेका हुन् । महानगरले नागरिकका समस्या तत्कालै समाधान गर्ने उद्देश्यले सञ्चालनमा ल्याएको उक्त मोबाइल एप्लिकेसनमा अनलाइन तथा अफलाइन माध्यमबाट आफ्ना गुनासा तथा समस्या दर्ता गर्न सक्नेछन् । गुनासा तथा समस्या दर्ता गर्ने बित्तिकै महानगरको 'प्रहरी कन्ट्रोल रुम'मा साइरन बज्नेछ । लगत्तै समस्या अनुसार नगरप्रहरी, दमकल र एम्बुलेन्स परिचालन गरिनेछ ।

घटनास्थलमा पुगेर नागरिकको सेवा गर्ने अभिप्रायले एप तयार गरिएको प्रमुख महर्जनले बताए । एपमा नागरिकले २१ विषयका समस्या र गुनासा पठाउन मिल्ने छ । 'स्मार्ट सिटी बनाउन गर्नुपर्ने काममध्येको यो एउटा हो', उनले भने । यसका लागि चार स्थानमा विपद व्यवस्थापन शाखा सञ्चालन गरिने प्रमुख महर्जनले जानकारी दिए ।

एप सार्वजनिक कार्यक्रममा ललितपुरका प्रमुख जिल्ला अधिकारी तुलसीबहादुर श्रेष्ठले एपको माध्यमबाट नागरिकलाई सेवा प्राप्त गर्न सहज हुने बताए । नगरप्रहरी प्रमुख सिताराम हाछेथुले विपद्को समयमा नागरिकले सहजै र छिटो सेवा प्राप्त गर्नुका साथै जनधनको क्षति रोक्न एप उपयोगी हुने विश्वास व्यक्त गरे ।

# काभ्रेमा दुई यात्रुबस ठोक्किँदा पाँच जना घाइते



काठमाडौं/मस-काभ्रे बनेपा नगरपालिका १४ भैंसेपाटीमा दुई बस आपसमा ठोक्किँदा पाँचजना घाइते भएका छन् । पनौतिबाट काठमाडौंतर्फ आउँदै गरेको बा.२ ख ६६६९ न.को बसले विपरित दिशाबाट आइरहेको बा प्र-०१-००६ ख २९९७ न.को मयुर बसलाई ठक्कर दिएको प्रहरीले जनाएको छ। दुर्घटनाको खबर प्राप्त हुनासाथ प्रहरी चौकी साँगाबाट प्रहरी नायव निरीक्षकको कमाण्डमा टोली खटी यात्रुहरुको उद्धार गरेको थियो ।

घाइतेलाई उपचारका लागि सिरमेमोरीयल अस्पताल पठाएको छ भने बस र बस चालक ईप्रका बनेपाको नियन्त्रणमा रहेको प्रहरीले जनाएको छ । घाइतेहरुमा बा प्र-०१-००६ ख २९९७ नंको बसमा सवार काभ्रेको पाँचखाल नगरपालिका ६ बस्ने वर्ष २४ की नबिना दनुवारको बाँया हातमा चोट लागेको छ। उनको अवस्था सामान्य रहेको छ । यस्तै, बा.२ ख ६६६९ न.को बसमा सवार काभ्रेको नमोबुद्ध नगरपालिका-३ बस्ने वर्ष ३६ की वाङ्जु लामा, उनकी छोरी वर्ष ११ की फुर्सङ लामा र छोरा वर्ष ९ को समर्पण लामा उपचारपछि डिस्चार्ज भएका छन् ।


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०८०/०१/२५ मा दर्ता भएको **टि. एफ ग्रुप प्रा.लि. (प्रा.लि. नं. ३१२१७०)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।



## कुवेतमा रोजगार |

कम्पनी : KATARA SWEETS AND PASTRIES
शहर : KUWAIT

पूर्व स्वीकृत मितिः २०८०/१०/१८ चलानी नं.: ६०२१४१७२ L.T. No.: 299205

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen helper | 18 | 5 | स. काममा दक्ष | 90 | ३८,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ २६ गते (9 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम ईजाजत नं. २९९/०५८/५९

**इम्प्लोयमेन्ट लिंक नेपाल प्रा.लि.**
१७१ चेतनशिल मार्ग, कपुरधारा-२६, काठमाडौं, फोन नं. ०१-४३७२६९८, ४३७१३६५
E-mail: employmentlinknepal.document@gmail.com / Website : employmentlinknepal.com

## SAUDI मा रोजगार |

कम्पनी : BUNA AL JAZIRA CONTRACTING COMPANY
शहर : Saudi Arabia,Al Khobar

पूर्व स्वीकृत मितिः २०८०/१०/१८ चलानी नं.: ६०२१४१५५ LT. No.:299161

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Sanitation Worker | 4 | 0 | स. काममा दक्ष | 1000 | ३५,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : DANA BAY GENERAL CONTRACTING शहर : Saudi Arabia, Riyadh
पूर्व स्वीकृत मितिः २०८०/१०/१८ चलानी नं.: ६०२१४१५६ LT. No.: 299160

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter Furniture | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४२,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cook | 1 | 0 | | 1400 | ४९,४९० | | | | | | | |
| 3. | Garden Cleaner | 1 | 0 | | 1000 | ३५,३५० | | | | | | | |
| 4. | Kitchen Worker | 1 | 0 | | 1000 | ३५,३५० | | | | | | | |
| 5. | Office And Facility Cleaning Worker | 1 | 0 | | 1000 | ३५,३५० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० माघ २२ गते (5 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं.: ५७२/०६२/०६३

**साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.**
पो.ब.नं. २४७८०, ताच्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर
फोन: ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE


## बेलका नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**रामपुर, उदयपुर**
**कोशी प्रदेश, नेपाल**
**२०७३**

### आ.व. २०८०/०८१ को लागि नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा) उत्खनन्, संकलन तथा विक्री कर उठाउने सम्बन्धी (बढाबढ) बोलपत्र आव्हानको सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८०।१०।१९**

यस नगरपालिकाको कार्यालयबाट नेपालको संविधान, २०७२ को अनुसूची-८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २(घ) को (६) र दफा ६४ को उपदफा १ (च) र बेलका नगरपालिका, नगर कार्यपालिकाको निर्णय बमोजिम स्थानीय तहको अधिकार क्षेत्रभित्रका तपसिलमा उल्लेखित नदी तथा खोलाहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् तथा संकलन गरी नगरपालिकाले तोकेको दरमा विक्रि गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धी कर दर्ता प्रमाणपत्र, आर्थिक वर्ष २०७९/०८० को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू संलग्न गरी तपसिल बमोजिमको शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि. नं. | बोलपत्र नं. | बोलपत्रको नाम | ढुङ्गा, गिट्टी तथा बालुवाको सङ्कलन/उत्खनन् परिमाण (घ.मी.) | | | न्यूनतम बोलपत्र रकम (मू.अ.कर बाहेक) (रू.) | धरौटी रकम (रु.) | बोलपत्र दस्तुर (रू.) |
|---|---|---|---|---|---|---|---|---|
| | | | ढुङ्गा | गिट्टी | बालुवा | | | |
| १. | 03/BELAKA/ REVENUE/NCB/ GO/2080-081 | यशोदा खोला (वडा नं. ३ र ९) र मुर्ति खोला (वडा नं. ३ र ६) क्षेत्रबाट दिगो रुपमा ढुङ्गा, गिट्टी तथा बालुवाको सङ्कलन/उत्खनन् | ९८५०.०० | १४३००.०० | ३०२०.०० | ६५,६८,८१३.६० | कबोल अंकको ५ प्रतिशत | ३०००.०० |
| २. | 05/BELAKA/ REVENUE/NCB/ GO/2080-081 | गदेरी खोला (वडा नं. ३ र ५), मैनी खोला (वडा नं. ५) र खरोरीया खोला (वडा नं. १) क्षेत्रबाट दिगो रुपमा ढुङ्गा, गिट्टी तथा बालुवाको सङ्कलन/उत्खनन् | ७३१०.०० | १०२३०.०० | ९४५०.०० | ६३,४१,३५२.८० | कबोल अंकको ५ प्रतिशत | ३०००.०० |
| ३. | 06/BELAKA/ REVENUE/NCB/ GO/2080-081 | बगाहा खोला (वडा नं. १) र त्रियुगा खोला (वडा नं. १) क्षेत्रबाट दिगो रुपमा ढुङ्गा, गिट्टी तथा बालुवाको सङ्कलन/उत्खनन् | २७००.०० | २७००.०० | २९५००.०० | ५९,१२,५६८.०० | कबोल अंकको ५ प्रतिशत | ३०००.०० |

**शर्तहरुः**

१. दोस्रो पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिन (सार्वजनिक बिदा भए कार्यालय खुलेको दिन) १२.०० बजेसम्म उल्लेखित बोलपत्र दस्तुर (पछि फिर्ता नहुने गरी) बुझाएको नगदी रसिद वा कुमारी बैंक स्थित Belaka Na.Pa– Antarik Rajashwa Khata Ga 1.1 खाता नं. ०७७००४०२७४२००००७ मा नगद जम्मा गरेको सक्कल भौचर साथ उल्लेखित कागजातहरु पेश गरी बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp बाट मात्र बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवश्था गरिएको छ ।
२. सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp मार्फत पेश गर्ने अन्तिम दिनको १:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधीहरुको रोहोवरमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि सो बोलपत्र खोल्न कुनै वाधा पर्ने छैन ।
३. बोलपत्र फारामसाथ उल्लेखित जमानत/धरौटी रकम यस कार्यालयको कुमारी बैंक लि. बेलका शाखा स्थित Belaka Na. Pa– Dharauti Khata Ga–3 खाता नं. ०७७००४०२७४२००००४ मा जम्मा गरी सो को सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले जारी गरेको कम्तीमा बोलपत्र पेश गर्ने अन्तिम दिन देखि १२० दिन म्याद भएको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ । धरौटी वापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाईनेछैन । उक्त बैंक जमानत वा नगद धरौटी रकम नियमानुसार फिर्ता गरिनेछ ।
४. उल्लेखित न्यूनतम बोलपत्र रकममा १३% मू.अ.कर र १.५% अग्रिम आयकर लाग्नेछ ।
५. कार्यालयले तोकेको बाकी अन्य शर्तहरू तथा विस्तृत जानकारीका लागि बेलका नगरपालिका रामपुर, उदयपुरको वेबसाईट https://belakamun.gov.np/ मा हेर्न वा कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**




मध्यान्ह
www.madhyanhadaily.com



## सम्पादकीय

# न्यानो बाँड्ने बेला

पश्चिम नेपाल सहित देशभर वर्षा सुरू भएको छ । जल तथा मौसम विज्ञान विभागका अनुसार, केही दिनसम्म पश्चिम नेपालका उच्च पहाडी एवं हिमाली क्षेत्रमा वर्षा सँगै हिमपात हुनेछ । राजधानी उपत्यका सहितका भूभागमा बिहीबार हल्का वर्षा हुँदा चिसो अत्याधिक बढेको छ । चिसो बढ्दा उच्च पहाडी, हिमाली र तराई–मधेशका बालबालिका, बृद्धबृद्धा र दीर्घरोगी बढी प्रभावित बनेका छन् । तर वर्षासँगै हुने चिसो र हिमपातको असर सवैभन्दा बढी पश्चिम नेपालका भूकम्प पीडितलाई पर्नेछ । गएको २७ कात्तिक मध्यरात जाजरकोट केन्द्र भएर गएको भूकम्पले ७१ हजार बढी परिवार त्रिपाल मुनि बसिरहेका छन् । १५४ जनाको ज्यान लिनेगरी गएको भूकम्पबाट प्रभावित यी परिवारहरू खुला आकाश मुनि छन् ।

भूकम्प गएको चार महिनासम्म एक तिहाइले पनि अस्थायी टहरा बनाउन सकेका छैनन् । जाजरकोटमा १५ हजार र रूकुममा २९ हजारले अस्थायी टहरा बनाएको सरकारी आँकडा छ । अर्थात् भूकम्प पीडित मध्ये झण्डै आधाले अस्थायी हटरा समेत बनाएका छैनन् । उनीहरू त्रिपाल मुनि बसिरहेका छन् । त्रिपाल मुनि बस्दा बढेको चिसोले जाजरकोटमा ३१ र रूकुममा ४ जनाको ज्यान गइसकेको छ । तर सरकारको ढिलासुस्ती उस्तै छ । तीन महिनासम्म अस्थायी हटराका निम्ति कार्यविधि बनाउनमै समय खर्चिएको छ । कार्यविधि बनाएर रू.५० हजार अस्थायी टहरा निर्माण गर्न सरकारले राहत दिने निर्णय गरेको छ । तर राहत रकम पनि अस्थायी टहरा बनाइसकेपछि दिने भनेर पहिलो किस्तामा रू.२५ हजार मात्रै दिइएको छ । अस्थायी टहराका निम्ति सरकारले गरेको काम भनेको अहिलेसम्म यति नै हो ।

जबकी अहिलेको बजार मूल्यको आधारमा हेर्दा रू.२५ हजारले अस्थायी टहरा बनाउन संभव छैन । तर भूकम्प पीडितले त्यही रकम पनि पाउन सकेका छैनन् । यस्तो अवस्थामा वर्षा र हिमपात सुरू भएको छ । यो हिमपातबाट बिपन्न वर्गका बालबालिका, दीर्घरोगी, सुत्केरीलाई जोगाउन सजिलो छैन । अर्कातिर भूकम्प गइरहँदा उद्धार, राहत र अस्थायी टहरा निर्माणको सहयोग गर्न भनेर त्यहाँ पुगेका स्वयंसेवकहरू समेत फर्किसकेका छन् । हेलिकोप्टर लिएर जाजरकोट र रूकुम पुगेका राष्ट्रपति, प्रधानमन्त्री र मन्त्रीहरूले यो तथ्य बुझ्न आवश्यक छ । सामाजिक क्षेत्रमा क्रियाशील रहने परिचय दिनेहरूले पनि यसतर्फ ध्यान दिन आवश्यक छ । विशेषगरी चिसोबाट कसरी भूकम्प पीडितलाई जोगाउने भन्नेतर्फ आमचासो जान जरूरी छ ।

# सरकारी बैंक र व्यावसायिकताको सवाल

अग्रलेख



● डा. दिबाकर वशिष्ठ

विश्वव्यापिकरणले ग्राहकहरूको इच्छा र आवश्यकता निकै परिवर्तनशील बनेको छ । प्रविधिमा आएको परिवर्तनले पनि मानिसहरूलाई सौखिन बनाउँदै लगेको छ । यस सन्दर्भमा सरकारी संरचनाले नागरिकको भरोसा जित्नुपर्ने देखिन्छ । यस लेखमा विशेषगरी बैंकिङ क्षेत्रमा सरकारी बैंकको भूमिकाबारे चर्चा गर्ने प्रयास गरिएको छ । सरकारको स्वामित्वमा रहेका बैंकले अन्यको तुलनामा नागरिक र सरकारसमेतको थप भरोसा जित्नुपर्ने हुन्छ । नेपालमा हाल तीन वटा बैंक (राष्ट्रिय वाणिज्य बैंक लि., कृषि विकास बैंक र नेपाल बैंक लि.) सरकारी स्वामित्वमा छन् । सरकारी स्वामित्वको वाणिज्य बैंकहरूले कुल निक्षेप र कर्जाको अधिकांश हिस्सा ओगटेका छन् । नेपाल राष्ट्र बैंकका अनुसार २०२४ जनवरी २८ मा कुल बैंकिङ क्षेत्रको निक्षेप ६१३६ बिलियन र कर्जा लगानी ५०८१ बिलियन रहेको छ । यसमा सरकारको स्वामित्वमा रहेका वाणिज्य बैंकहरूकै बढी हिस्सा रहेको छ । राष्ट्रिय वाणिज्य बैंकको स्थापना २०२२ माघ १० गते भएको थियो ।

वि.सं. २०८० पौष मसान्तको तथ्यांकअनुसार यस बैंकको कुल निक्षेप तीन खर्ब ३८ अर्ब र कर्जा लगानी दुई खर्ब ५६ अर्ब रहेको छ । कुल ग्राहक संख्या ४१ लाख रहेको र शाखा संख्या २८६ रहेको छ भने करिव १७ लाख मोबाइल बैंकिङ प्रयोगकर्ता रहेका छन् । करिब दुई दशक अगाडि प्रविधिमा शून्य अवस्था र परम्परागत म्यानुयल लेजर प्रणालीबाट गुज्रेको राष्ट्रिय वाणिज्य बैंकले प्रविधिमा मारेको फड्को र प्रविधिमैत्री कर्मचारीको सकारात्मक सोच र अठोटका कारण हालै नेपालका बैंकहरूमध्ये सबैभन्दा बढी डिजिटल कारोबार गर्ने बैंकको रूपमा सम्मानित भएको खबरले ग्राहक र कर्मचारी वर्गमा खुसियाली छाएको देखिन्छ । तथापि, यस बैंकले पनि आफ्नो व्यावसायिक छविलाई थप सुधार गर्नुपर्ने देखिन्छ ।

कृषि विकास बैंक लिमिटेडको स्थापना २०२४ माघ ७ मा भएको थियो । देशभरी छरिएका २८१ शाखा कार्यालयबाट आम जनतालाई वित्तीय सेवा प्रदान गरेको छ । छरिएको पुँजीलाई निक्षेपको रूपमा संकलन गरी लाखौं कृषक र उधमीहरूलाई ऋण प्रवाह गरेर उत्पादन र उत्पादकत्वमार्फत आय वृद्धि गरी देशको आर्थिक विकासमा मुख्य भूमिका निर्वाह गरेको छ । हाल वासलातको आकार रु. दुई खर्ब ७६ अर्बभन्दा बढी पुगेको छ भने २०८० मंसिरसम्ममा गत आ.व. २०७९/८० को असार मसान्तभन्दा निक्षेप रु १७ अर्ब ८५ करोड र कर्जा करिब रु. सात अर्बभन्दा बढीले वृद्धि भएको देखिन्छ । हाल कृषि कर्जाको भार करिब ३६ प्रतिशतभन्दा बढी रहेको देखिन्छ । बैंकले कर्जा, तरलता, ब्याजदर र बजारसम्बन्धी जोखिमहरूलाई प्रभावकारीरूपमा व्यवस्थापन गर्नका लागि नीति, नियम, कार्यविधि, परिपत्र, पद्धति, सीमा आदिको समय अनुसार पुनरावलोकन र परिमार्जन गर्दै केन्द्र एवम् क्षेत्रीय स्तरका कार्यालयहरूमार्फत व्यवस्थापन गर्ने उल्लेख भएता पनि नीति, नियम र जनअपेक्षाको सन्तोषजनक कार्यान्वयनको अभाव देखिन्छ । नेपाल बैंक लिमिटेडको स्थापना १९९४ कात्तिक ३० मा भएको हो । ७१ जिल्लामा २२८ शाखा कार्यालयद्वारा २३ लाख ग्राहकलाई यो बैंकले सेवा दिएको देखिन्छ । यो बैंकमा तुलनात्मकरूपमा अरु दुई सरकारी वाणिज्य बैंकभन्दा निजी क्षेत्रको शेयर हिस्सा सहभागिता बढी छ तापनि व्यवसायिक रूपमा आफूलाई अब्बल बनाउन धेरै प्रयत्न गर्नुपर्ने देखिन्छ ।

विगत दुई दशकको तुलना गर्दा सरकारको स्वामित्वमा रहेका वाणिज्य बैंकहरूको कार्यसम्पादनमा निकै सुधार भएको छ र प्रविधि र संरचनात्मक सुधार एवम् भौतिक पूर्वाधारमा बैंक हेर्न लायक हुँदै गएका छन् तथापि, अन्तर्राष्ट्रियरूपमा प्रतिस्पर्धा गर्न अझै व्यावसायिक बन्नु जरुरी छ । संस्थापकको रूपमा रहेको सरकार र सरोकारवाला निकायले यी बैंकहरूलाई अनावश्यक हस्तक्षेप बन्द गरेमा व्यावसायिक र व्यवस्थापकीय क्षमतामा सुधार हुनेछ । यद्यपि, बैंकको व्यवस्थापन र कर्मचारीमा व्यवसायिक सोचको विकास हुन जरुरी छ । वित्तीय क्षेत्र अर्थतन्त्रको महत्वपूर्ण क्षेत्र हो, त्यसमा पनि सरकारको स्वामित्वमा रहेका बैंकको भूमिका आर्थिक विकासमा जिम्मेवारीपूर्ण हुने भएकोले नागरिक, मिडिया, व्यवसायी, ग्राहक र कर्मचारीमैत्री व्यवहारको पालना गर्दै कुशल, प्रभावकारी र पारदर्शी ढंगले अगाडि बढेमा मात्र अर्थतन्त्रको आवश्यकता पूरा हुनुको साथै बैंकहरूको छविमा सुधार आउने कुरामा कसैको विमति नरहला । तुलनात्मकरूपमा




*सरकारको स्वामित्व भएको र ग्रामीण जनतासम्म पहुँच भएको साथै, जनताको विश्वासिलो बैंक भएको नाताले पनि दातृ निकायहरूको र ग्राहकको पहिलो रोजाइको रूपमा सरकारी बैंकहरू पर्दछन् भन्ने भ्रमबाट आफूलाई टाढा राख्नु जरूरी छ । सरकारको स्वामित्व भएको कारण केही जनविश्वास बढ्नु स्वभाविक भएता पनि सर्वसाधारणलाई गुणस्तरीय र छिटोछरितो सेवा जसले दिन्छ, सोही बैंकबाट कारोबार गर्ने कुरामा कसैको विमति देखिँदैन ।*

सरकारको स्वामित्वका बैंकहरूमा संस्थागत सुशासन राम्रो देखिएता पनि कर्जा लगानी र असुली, कर्मचारी भर्ना, कार्यसम्पादन मूल्यांकन र सरुवा एवम् बढुवाको साथै वृत्ति विकास र मुस्कानसहितको सेवामा व्यवसायिक बन्न नसकेको देखिन्छ । तसर्थ, व्यावसायिकताको खाँचो टड्कारोरूपमा देखिन्छ ।

अहिले पनि यी बैंकहरूमा प्रमुख कार्यकारी, सञ्चालक सदस्य र अध्यक्षमध्ये मूलत अध्यक्ष र सदस्यको नियुक्ति सरकार सञ्चालनमा रहेकाबाट नै योग्यता, दक्षता र विज्ञताको ख्याले नगरी टिके प्रथा विद्यमान हुनु दुःखद पक्ष हो । प्रमुख कार्यकारी अधिकृतमा प्रतिस्पर्धा गराएको जस्तो देखिन्छ तर, यो पदमा पनि टिका नै लगाउने हो र मोटो रकम बुझाउनु पर्ने हुन्छ भन्नेहरूको पनि कमी छैन । एकातर्फ, यस्तो प्रक्रियाबाट नियुक्ति दिँदा बैंकको व्यवस्थापन र व्यावसायिक क्षेत्रमा सुधार हुन कठिनाइ देखिन्छ भने अर्कोतर्फ समयसापेक्षरूपमा नयाँ सेवाहरूको विस्तार र विकासमा कर्मचारी अभिप्रेरणामा कमी आउनुको साथै, जनअपेक्षाअनुरूप बैंकको सुधारमा समेत बाधा आउने देखिन्छ ।

सरकारी स्वामित्वका बैंकको प्रमुख उद्देश्य भनेको नै निक्षेपकर्ताहरूको हित संरक्षण तथा संस्थागत सुशासन कायम, सरकारी नीतिको कार्यान्वयन, जनतालाई भरपर्दो बैङ्किङ सेवा, उपलब्ध स्रोतको उचित व्यवस्थापन गरी शेयरधनीहरूलाई अधिकतम प्रतिफल दिने र कार्यरत कर्मचारीलाई समेत अभिप्रेरित गर्ने हो, बैंकिग क्षेत्रप्रतिको अनर्गल प्रचार र भ्रमपूर्ण क्रियाकलापले सरकारी स्वामित्वका बैंकहरूलाई व्यावसायिकताको सवालमा थप दबाब परेको कुरा जनजाहेर नै छ । कोभिड-१९ पश्चात त्यसको प्रभाव तथा रसिया र युक्रेन र पछिल्लो समय इजरायल र प्यालेस्टाइनबिचको लडाइँले गर्दा विश्व अर्थतन्त्र नराम्रोसँग प्रभावित हुन पुग्यो जसको असर नेपालमा पनि देखियो । मूलतः पर्यटन क्षेत्रमा परेको नकारात्मक प्रभाव, चर्को मूल्यवृद्धि, सरकारको विकास खर्चमा उल्लेख्यरूपमा वृद्धि हुन नसक्नु, उत्पादन क्षेत्रको विस्तारमा सुस्तता तथा रोजगारीमा कटौती जस्ता कारणहरूले सर्वसाधारणको क्रयशक्तिमा कमी आउनुका कारणले देशको अर्थ व्यवस्थामा प्रभाव परिरहेको हालको अवस्थामा सरकारको स्वामित्वमा रहेका बैंकहरूको व्यवस्थापकीय र व्यवसायिक सुधार अपरिहार्य देखिन्छ । हाल बैंकहरूसँग लगानीयोग्य रकमको पर्याप्तताको अवस्थामा आर्थिक गतिविधिमा तीव्रता र सरकारको पुँजीगत खर्चको आकार बढ्नासाथ बजार चलायमान हुने र क्रमशः कर्जाको माग बढ्ने र बैंकको कर्जा वृद्धि लक्ष्यको नजिक पुग्ने सपना यी बैंकहरूले देख्नुभन्दा पनि बैंकको आफ्नै प्रयासले जनस्तरमा र व्यवसायमैत्री योजना बनाई कार्यान्वयन गरेमा कर्जाको माग बढ्नेछ र तरलताको समेत उचित व्यवस्थापन हुनेछ । जसबाट सरकारको स्वामित्वमा रहेका बैंकको व्यवस्थापकीय क्षमतासमेत अभिवृद्धि भई व्यवसायिकतातिर उन्मुख हुने कुरामा कसैको दुईमत नहोला । व्यावसायिक संस्थाले सरकारको मात्र भरपर्दा कालान्तरमा धोका हुनसक्छ भन्नेतर्फ सजग बन्नुपर्दछ किनकी आफै कमाउने र सोही आम्दानीले बैंक संचालन गर्ने हो ।

सरकारको स्वामित्व भएको र ग्रामीण जनतासम्म पहुँच भएको साथै, जनताको विश्वासिलो बैंक भएको नाताले पनि दातृ निकायहरूको र ग्राहकको पहिलो रोजाइको रूपमा सरकारी बैंकहरू पर्दछन् भन्ने भ्रमबाट आफूलाई टाढा राख्नु जरुरी छ । सरकारको स्वामित्व भएको कारण केही जनविश्वास बढ्नु स्वभाविक भएता पनि सर्वसाधारणलाई गुणस्तरीय र छिटोछरितो सेवा जसले दिन्छ, सोही बैंकबाट कारोबार गर्ने कुरामा कसैको विमति देखिँदैन । सरकारी कारोबारका अतिरिक्त कर्मचारीहरूको वृत्ति विकास, सेवा सुविधा, र उत्प्रेरणा जस्ता विषयहरूमा प्रतिस्पर्धी बैंकहरू सरह गर्न सकेमा सरकारी बैंकहरूको व्यावसायिक सुधार हुने देखिन्छ । कर्मचारी युनियन बैंकका अभिन्न अंग भएता पनि सरकारको स्वामित्वका बैंकहरूमा राजनीतिक प्रभाव र संरक्षणका कारण युनियनको बोलबाला बढी नै हुने गरेको देखिन्छ तसर्थ, निजी बैंकको तुलनामा प्रति कर्मचारी उत्पादकत्व पनि कम नै छ र सञ्चालन खर्च बढी छ । कर्मचारीहरूको हकहितका लागि सामूहिक सौदावाजीको माध्यमबाट मिलेर काम गर्नु पर्दछ ।

व्यवस्थापन तथा प्रबन्धकहरूबाट कुनै कमी/कमजोरी भएको खण्डमा खबरदारी गर्न पनि कर्मचारी युनियनको विशेष भूमिका रहने गर्दछ । बैंकको उच्च व्यवस्थापन र कर्मचारी युनियन दुवैको प्रमुख उद्देश्य भनेको संस्थाको उन्नति र प्रगति नै हो भन्ने हुनुपर्दछ जब उद्देश्य एउटै हुन्छ भने यसका लागि मिलेर काम गर्नुपर्ने हुन्छ । एकआपसमा मतभेद भयो भने त्यसले निश्चितरूपमा द्वन्द्व सिर्जना गर्दछ । जसले बैंकको उत्पादकत्व क्षमता र प्रतिफलमा प्रतिकूल असर पार्दछ । तसर्थ, मिलेर काम गर्दा नै युनियनबाट बैंकको व्यवस्थापकीय र व्यवसायिक सुधारमा समेत योगदान पुग्ने देखिन्छ ।

सार्वजनिक र निजी साझेदारीको अवधारणालाई सरकारको स्वामित्वका बैंकहरूले अवलम्बन गर्दै सेवाग्राहीको माग र आवश्यकतालाई सम्बोधन गर्न सकेमा मात्र आफूलाई व्यवसायिक बैंकको रूप पहिचान दिन सक्ने देखिन्छ । सरकारी स्वामित्वका बैंकहरूमा व्यवस्थापकीय सुधारको पक्ष निकै कमजोर छ । शाखा, क्षेत्र, केन्द्र सबैतिर पदको आधारमा अधिकार र कर्तव्यको उचित बाँडफाँट भएको एकातर्फ देखिँदैन भने अर्कोतर्फ राइट मेन, राइट टाइम र राइट प्लेसकोको अवमूल्यन भएको देखिन्छ । साथै, जबरोटेशनको अभाव देखिएको हुँदा यसतर्फ सुधार गर्न ढिला भैसकेको अवस्थालाई मध्यनजर गर्दै संरचनात्मक परिवर्तनको पहल गर्नुपर्ने देखिन्छ । सरकारको स्वामित्वमा रहेका बैंकहरूले आफ्नो निरन्तर सुधार, परिवर्तन व्यवस्थापन, प्रविधिको सुरक्षित उपयोग र आन्तरिक क्षमताको वृद्धिको माध्यमबाट आगामी दिनमा आफ्नो सेवालाई अझ छिटो छरितो, उच्च गुणस्तरीय, सुरक्षित र भरपर्दो बनाउँदै देशको आर्थिक विकास, वित्तीय स्थायित्व, वित्तीय समावेशिता, वित्तीय पहुँच र वित्तीय साक्षरता अभिवृद्धि गर्न सक्षम भएमा मात्र यसको व्यावसायिकता सकारात्मकरूपमा उजागर हुने कुरामा कसैको दुईमत नरहला ।

*(लेखक वशिष्ठ, बैंक तथा वित्तीय संस्थाका विज्ञ हुन् ।)*

## सामाजिक सञ्जाल



**- सेतेमान तामाङ**

हाम्रो उर्वर भूमी नै संगठनिकरूपमा मानव तस्करी, सुन तस्करी, सहकारी घोटाला र भ्रष्टाचार हो भने कहिल्यै घाटामा नजाने सधैं नाफा हुने कम्पनी राजनीतिक दल हो । यी तस्करी, घोटाला गरिने अपराधीहरूलाई उन्मुक्ति दिने, साँठगाँठ गरी शुल्क अशुल्ने नै यिनीहरूका दलाल हुन्छन् ।



**- बाबुलाल भण्डारी**

पूर्वराजाले हालैको सम्बोधनमा खासै आपत्तिजनक केही बोलेको जस्तो लागेन । तर ठूलेहरू बढ्ता औडाहा भएर छट्पटिँदै छन् । देशमा खुला बेथिति, कुशासन, भ्रष्टाचार र राष्ट्रघात चरम हुँदै गएकोले गणतन्त्रवादीले पनि बरु राजै ठीक भन्ने दिन आएको छ । राजाको लोकप्रियताको कारक को हो अझै समीक्षा नगर्ने ?



**- निर्मल प्रसाईं**

दरबार हत्याकाण्डको छानबिन हुन्छ भन्ने कुरा आयो ! बाँसबारी छालाजुत्ता उद्योगको जस्तै छानबिन होला, दराजमा थन्क्याएर राख्ने ! नक्कली भुटानी शरणार्थी प्रकरण जस्तै छानबिन होला, मुख्य नाइकेलाई धरौटी दिने ! भेप सुन तस्करी प्रकरण जस्तै छानबिन होला, मुख्य तस्करलाई उन्मुक्ति दिने ! नबुझेको छ र !



**- टंक दाहाल**

गिरिजा बाबु 'ग्रान्ड डिजाइन'को पोल खोल्दिन्छु भन्दा भन्दै बिते । केपी बाले मदन भण्डारीको हत्यारा हाम्लाई था'छ भन्छन्, अहिलेसम्म भुत्लो हल्लिएन । अब दरबार हत्याकाण्डसहित ति सब काण्ड अनि माओवादी युद्ध र हत्याको पनि छानबिन गरौं । अब पनि यसलाई राजनीतिक हतियार बनाउनेहरूलाई चाहिँ ।

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | नाता-गोतासँग भेटघाट हुनेछ । चिन्ताको योग छ । |
| वृष | : | पुरानो कार्य बन्नेछ । अनावश्यक कार्यमा समय लगाउनु हुँदैन । |
| मिथुन | : | साथीभाइबीच सुमधुर सम्बन्ध बनिरहनेछ । जिद्दी गर्नु हुँदैन । |
| कर्कट | : | नयाँ सम्पर्क हुनेछ । पराक्रममा वृद्धिको योग छ । |
| सिंह | : | आयमा वृद्धि हुनेछ । मांगलिक कार्य हुने योग छ । |
| कन्या | : | पराक्रममा वृद्धिको योग छ । राजनैतिक कार्य सफल हुनेछ । |
| तुला | : | साथीभाइबीच सुमधुर सम्बन्ध बनिरहनेछ । वाणी संयम जरुरी छ । |
| वृश्चिक | : | जोखिम भएको कार्यमा लाभ हुँदैन । वाहन सावधानी राख्नुहोला । |
| धनु | : | आयमा वृद्धि हुनेछ । स्वास्थ्यमा सुधार आउनेछ । |
| मकर | : | अनावश्यक विवाद हुने योग छ । पैतृक धनलाभ हुनेछ । |
| कुम्भ | : | धार्मिक कार्यमा रुचि बढ्नेछ । घरेलू जीवन सुखमय रहनेछ । |
| मीन | : | प्रियजनसँग भेट हुनेछ । विस्तारै सफलता मिल्नेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# संसदको भूमिका र महत्व

विचार



● मीना तामाङ

*सकारात्मक विषयको पनि विरोध गर्ने प्रवृत्ति हाबी रह्यो । 'विरोध गर्नु प्रतिपक्षको धर्म हो' भन्ने भाष्य स्थापित गर्न खोजिँदै छ । विरोध गरेरमात्र लक्ष्य प्राप्ति गर्न सकिँदैन । विषयलाई लम्ब्याउने, थकाउने र असफल बनाउने प्रक्रियाले संसद्ले उपलब्धि हासिल गर्न सक्दैन । प्रतिपक्षी पनि जनताबाट अनुमोदित भएको शक्ति हो । आरोप-प्रत्यारोपमा मात्रै सदनलाई प्रयोग गरिँदा भावी पिँढीले के सिक्ने ?*

संसद नीति निर्माणको मुख्य थलो हो । जनताको संघर्षबाट व्यवस्था परिवर्तन भयो । परिवर्तित व्यवस्था र प्राप्त उपलब्धिलाई सुदृढ बनाउनुपर्ने अहिलेको आवश्यकता हो । ऐतिहासिक संविधानसभाबाट संविधान जारी भएको पनि आठ वर्ष पुगिसकेको छ । संविधानसँग बाझिएका कानुन परिवर्तन गरेर सापेक्षतामा ढाल्नुपर्नेछ । कतिपय प्रावधान बदलिँदो विश्वपरिवेशअनुसार थप गर्नुपर्ने छ । संसद् छिर्दै गर्दा संविधान अनुकूलका कानुन निर्माण गर्न संसद्मा हार्दिकता हुन्छ होला भन्ठानेको अवस्था थियो, तर त्यस्तो अनुभव गर्न सकिएको छैन । संसद्को प्रमुख जिम्मेवारी नीति, नियम र कानुन निर्माण गर्ने हो । मौजुदा कानुनलाई संविधानसँग नबाझिने गरी परिमार्जन गर्न दलहरुबीच सहमति हुनुपर्नेमा त्यसो हुन सकेन । सम्पूर्ण राजनीतिक दल र सांसद जिम्मेवार भएर लागेमात्र निष्कर्षमा पुग्न सकिन्छ । तर, एक वर्षको संसदीय अभ्यास हेर्दा कताकता रुमलिएको जस्तो महसुस हुँदैछ । संसद्मा सकारात्मक विषयलाई स्वीकार गर्न नसक्ने तथा संविधान प्रतिकूलका कानुन खारेज गरेर जाऔं भन्दा एकमत नहुने अवस्था देखियो ।

सकारात्मक विषयको पनि विरोध गर्ने प्रवृत्ति हाबी रह्यो । 'विरोध गर्नु प्रतिपक्षको धर्म हो' भन्ने भाष्य स्थापित गर्न खोजिँदै छ । विरोध गरेरमात्र लक्ष्य प्राप्ति गर्न सकिँदैन । विषयलाई लम्ब्याउने, थकाउने र असफल बनाउने प्रक्रियाले संसद्ले उपलब्धि हासिल गर्न सक्दैन । प्रतिपक्षी पनि जनताबाट अनुमोदित भएको शक्ति हो । प्रतिपक्ष पनि जनताप्रति जवाफदेही हुनुपर्छ । आरोप-प्रत्यारोपमा मात्रै सदनलाई प्रयोग गरिँदा भावी पिँढीले के सिक्ने ? महत्वपूर्ण विधेयक प्रक्रियामा छन् । ती विधेयकलाई टुङ्गो लगाउँदै जानुपर्ने थियो । तर, वादविवादमा मात्रै एक वर्ष बित्यो । आफूअनुकूल नभएपछि देश र जनताको पक्षमा भएका निर्णयको पनि विरोध गर्ने परम्पराले संसदीय व्यवस्थाप्रति नै प्रश्न उठ्न थालेको छ ।

एक वर्षका अवधिमा जनतासँग प्रत्यक्ष जोडिएको केही मुद्दामा खास उपलब्धि भएको छ । मिटरव्याजसम्बन्धी कानुन निर्माण भएर कार्यान्वयनमा गएको छ । यसबाट किसानले न्याय पाउने अवस्था बनेको छ । यसबीचमा सरकारले भ्रष्टाचारसम्बन्धी घटनाको अनुसन्धान थालेको छ । नक्कली भुटानी शरणार्थी, सुन तस्करी, ललितानिवास, निजी क्षेत्रको दूरसञ्चार सेवा प्रदायक संस्था एनसेलको सेयर खरिद-बिक्रीलगायत प्रकरणमा सरकारले शीघ्र अनुसन्धान थालेर कारबाहीको प्रक्रियामा लगेको छ । सुशासनको प्रक्रिया आरम्भ भएको छ । यसबाट जनताले आशाको महसुस गर्न थालेका छन् ।

आर्थिक अनियमितताका विषय सार्वजनिक भइरहेका छन् । संसद्मा विभिन्न विचारधारा बोकेका दलको प्रतिनिधित्व छ । सबै दलको सहमितमा विधेयक निर्माणको प्रक्रिया अघि बढाउन खोज्दा केही विलम्ब भएको देखिन्छ । सहमतिको प्रयास गर्दागर्दै पछि परेको अवस्था हो । सकेसम्म सहमति नभए प्रक्रियामा गएर भए पनि विषयलाई टुङ्गो लगाउँदै जानुपर्छ । एक वर्षका अवधिमा सदन र सरकारबाट सुखद् सुरुआत भएको छ । बाँकी विषयलाई अबको अधिवेशनबाट टुङ्गो लगाएर जानुपर्छ । संघीय संसद्को तेस्रो अधिवेशन यही माघ २२ गतेदेखि प्रारम्भ हुँदैछ । हिउँदे अधिवेशनलाई मुख्यतः विधेयक अधिवेशनका रूपमा पनि लिइन्छ । आउँदो अधिवेशनबाट शान्ति प्रक्रिया तथा संविधान कार्यान्वयनसँग सम्बन्धित विधेयकलाई टुङ्गो लगाउनुपर्छ । सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित ऐन, निजामती, शिक्षा, प्रहरीलगायत महत्वपूर्ण विधेयक दफावार छलफलका क्रममा समितिमा रहेका छन् । देश र जनताको पक्षमा रहेका यी विधेयकलाई कुनै पनि हालतमा टुङ्गोमा पुऱ्याउनुपर्छ । अब छलफलदेखि छलफलसम्म मात्र होइन, यी ऐनलाई निष्कर्षमा पुर्याउनुपर्छ । प्राप्त उपलब्धिलाई संस्थागत गर्न पनि यी ऐन आवश्यक छन् । संघीयतालाई असफल बनाउने हर्कतसँग कठोर भएर अघि बढ्नुपर्छ ।

विस्तृत शान्ति सम्झौता भएको डेढ दशक पुगिसक्यो । संविधान जारी भएको नै आठ वर्ष नाघिसक्यो । अझै पनि शान्ति सम्झौताका कतिपय काम बाँकी नै छन् । अहिलेसम्म पनि पूर्णरूपमा द्वन्द्व व्यवस्थापन नहुनु बिडम्बना नै हो । शान्ति प्रक्रियालाई टुङ्गोमा पुग्न दिइएको छैन । शान्ति प्रक्रियालाई टुङ्गो लगाएर मुलुकलाई दिगो शान्तिको बाटोमा लैजानुपर्छ । सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित विधेयकलाई पहिलो प्राथमिकता राखेर जानुपर्छ । सकेसम्म सम्पूर्ण राजनीतिक दलको सहभागिता नभए प्रक्रियाबाट भए पनि टुङ्ग्याउनुपर्छ ।

*(लेखक कुराकानीमा आधारित छ ।)*

मध्यान्ह दैनिकका लागि लेख, विचार र टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । - सं.

# हिमाली जिल्लाहरुमा हिमपात

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, १८ माघ

हुम्लासहित हिमाली जिल्लाहरुमा हिमपात भएको छ । बिहीबार बिहानैदेखि हुम्लासहित हिमाली जिल्लाहरुमा हिमपात भएको हो । गत वर्ष माघबाट हिमपात शुरु भए पनि यस वर्षको पहिलो हिमपात माघ १८ गते भएको हो । हिमपातसँगै अत्यधिक चिसो बढेपछि जनजीवन प्रभावित भएको छ । हिमपातले हुम्लाको एक मात्र हवाई यातायात सेवा पनि अवरुद्ध भएको छ ।

हुम्लाको माथिल्लो क्षेत्र नाम्खा गाउँपालिकाको लिमी, यारी, चाला क्षेत्रमा पनि भारी हिमपात भएको छ । लामो समयदेखि हिउँदे झरी र हिउँ नपर्दा निराश बनेका किसानहरू हिउँ पर्न थालेपछि खुसी भएको स्थानीय प्रेम शाहीले बताए । हिउँदे वर्षा र हिमपातले खेतीपाती र पशुपालनलाई तत्काल असर गरेको जस्तो देखिए पनि यसले पछि राम्रो गर्ने उनको भनाइ छ ।



नाम्खा गाउँपालिका लिमी, मुचु, खगालगाउँ, तिल, जाङ गाउँलगायतका स्थानमा बढी हिमपात भएको छ । सिमकोट गाउँपालिकाको ८ वटै वडामा हिमपात भएको छ । त्यस्तै खार्पुनाथ, सर्केगाडा, चंखेली, अदानचुली र ताजाकोट गाउँपालिकामा भने उच्च स्थानमा हिमपात र होचा खोंचमा पानी परिरहेको छ । बाक्लो हिउँका कारण आवतजावतमा समस्या भएको छ ।

यस्तै जुम्लामा पनि बिहीबार बिहानैदेखि हिमपात भएको छ । जुम्लालगायत माथिल्लो कर्णालीमा हिमपात भएसँगै हवाई सेवा अवरुद्ध भएको छ । हरेक वर्ष हिउँदमा हिमपात हुने जुम्लामा यस वर्ष ढिलोगरी हिउँ परेको हो । सदरमुकाम खलङ्गासहित जिल्लाभर करिब आधा फिट हिउँ जमेको बताइएको छ । ढिलोगरी हिमपात भएपछि हिउँदे बाली लगाएर आकाशे पानीको पर्खाइमा रहेका किसान भने खुसी भएका छन् ।

## रुकुम पूर्व र पश्चिममा हिमपात

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, १८ माघ

रुकुम पश्चिममा बिहीबार बिहानदेखि हिउँदे वर्षा भइरहेको छ । रुकुम पश्चिमका केही स्थानमा वर्षा तथा केही स्थानमा हिमपात भएसँगै किसानहरु खुसी भएका छन् । केही दिनयता मौसममा बदली आएसँगै बिहिबार बिहानदेखि पानी परेको हो ।

आकाशे पानीकै भरमा खेतीपाती गरिने पहाडी तथा हिमाली भेगमा पानी परेसँगै गहुँबालीसँगै फलफूल खेतीमा राहत पुगेको किसानहरुको भनाइ छ । विशेषगरी सिँचाइ कुलो नभएको ठाउँका किसानलाई राहत पुगेको छ ।

रुकुम पश्चिममा ६ वटा स्थानिय तहमध्ये सबैभन्दा बढी मुसिकोट नगरपालिकामा हिमपात भएको छ । अन्य स्थानीय तहका उच्च पहाडी भेगमा हिउँ परेको देख्न सकिन्छ ।

यस्तै लुम्बिनी प्रदेशको एक मात्र हिमाली जिल्ला रुकुम पूर्वमा पनि हिमपात शुरु भएको छ । ३ स्थानीय तह रहेको रुकुम पूर्वमा सबैभन्दा बढी पुथाउत्तरगङ्गा गाउँपालिकामा हिउँ परेको स्थानीयको भनाइ छ ।

हिमपातले रुकुम पूर्वका किसान भने खुसी भएका छन् । हिमपात भएसँगै प्रमुख हिउँदेबालीको रुपमा रहेको गहुँ धेरै फल्नेमा रुकुम पूर्वका किसान विश्वस्त भएका छन् ।

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०८०/१०/१९**

**शान ओरियण्टेसन एण्ड ट्रेनिङ्ग सेन्टर प्रा.लि.** को मिति २०८०/०९/२४ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **जनकपुर टेक्निकल सेन्टर प्रा.लि. (प्रा.लि. नं.: १३६१४२)** कायम गर्ने गरी मिति २०८०/१०/०५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## साउदीमा रोजगार |

कम्पनीः **ARABIAN GALVANIZING CO LLC** शहरः KSA

पुर्व स्वीकृत मितिः २०८०/१०/१८ चलानी नं.: ६०२१४१४५ L.T. No.: 299178

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Upload And Download Worker | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Packaging And Wrapping Worker | 1 | 0 | | 1000 | ३५,३५० | | | | | | | |

२. कम्पनीः **SAYAA MODERN ENVIRONMENTAL SERVICES EST** शहरः Dammam

पुर्व स्वीकृत मितिः २०८०/१०/१८ चलानी नं.: ६०२१४१४१ L.T. No.: 299174

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading Unloading Labor | 3 | 0 | स. काममा दक्ष | 1000 | ३५,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनीः **RAWASI AL-SHAMAL MAINTENANCE AND CLEANING COMPANY** शहरः HAIL

पुर्व स्वीकृत मितिः २०८०/१०/१८ चलानी नं.: ६०२१४१४३ L.T. No.:. 299175

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hotel Housekeeping worker | 30 | 0 | स. काममा दक्ष | 1000 | ३५,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० माघ २६ गते (9 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले ब्यहोने | कामदारले ब्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

श्रम ईजाजत पत्र नं. ०९१/०५३/०७५४

**अन्नपूर्ण इन्टरनेशनल सर्भिसेज प्रा. लि.**
पि.ओ.बक्स: ११११, सिनामंगल-९, काठमाडौं, नेपाल, (एयरपोर्ट नजिक), फोन: ०१-४५६६७३३, ०१-४५८५७३०
Fax No: 01-4566955, Email: cv.annapurna@gmail.com, Url: www.aisp.com.np
Right People For Right Job At The Right Time
Mobile: 9801314441 | 9801314442 | 9801314443 | 9801314445.

# Invitation for Bids

## Chamunda Bindrasaini Municipality

**Jambukandh, Dailekh**

**Karnali Province, Nepal**

## Invitation for Bids for the Construction of Majuwa Water Supply Project

**Contract Identification No: NCB/W/05/2080/81**

**Date of publication: 2080/10/19 (2 Feb., 2024)**

1. Chamunda Bindrasaini Municipality Jambukandh Dailekh invites electronic bids from Nepalese eligible bidders for the construction of Majuwa WS Project under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. 77,60,000.00 (including VAT and PS)
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Chamunda Bindrasaini Municipality Jambukandh dailekh. Office mailing address: ito.chamundabindrasainimun@gmail.com contract ph.: 9858038178 or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Website www.bolpatra.gov.np/egp.. Bidders, submitting their bid electronically, should deposit the Cost 3000.00 of bidding document in the Office's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   **Name of the Bank** : **Nepal SBI Bank Chamund Branch.**
   **Name of Office** : **Chamunda Bindrasaini Municipality Jambukandh Dailekh**
   **Office Code no.** : **80106123**
   **Office Account no (Rajaswa acount)** : **ga (1.1) 41295241207004**
4. Pre-bid meeting shall be held at Chamunda Bindrasaini Municipality, Jambukandh, Dailekh at 11:00 Hours on 23/02/2024
5. Electronic bids must be submitted to the office Chamunda Bindrasaini Municipality, Jambukandh, Dailekh through PPMO website www.bolpatra.gov.np/egp. on or before 12:00 hours on 2080/11/20 (03/03/2024). Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 Hours on 2080/11/20 (03/03/2024). at the Chamunda Bindrasaini Municipality, Dailekh
7. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs 194,000.00, which shall be valid for 30 days beyond the validity period of the bid. Information to deposit the bid amount in Bank:

   Information to deposit the Bid-Security Amount
   **Name of the Bank** : **Nepal SBI Bank Chamaunda Branch Dailekh.**
   **Name of Office** : **Chamunda Bindrasaini Municipality Office.**
   **Account name** : **Deposit.**
   **Dharauti Account no.** : **ga (3) 41225240600007**
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनीः **COFFEE LINES CAFE TO SERVE DRINKS** शहरः NAJRAN

पुर्व स्वीकृत मितिः २०७९/०३/१५ चलानी नं.: ६०१८४०१९ L.T. No.:266031 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३५,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० माघ २८ गते (11 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं: ३१८/०५९/०६०

**अल-जाफर ईन्टरनेशनल प्रा. लि.**
सामाखुसी-२६, टाउनप्लानिङ, काठमाडौं, नेपाल, फोन: ४३९०२२२
Email : info.alzafarnepal@gmail.com, Web.: www.alzafarnepal.com

## साउदीमा वैदेशिक रोजगार अवसर

कम्पनीः **NAGOUB AL-TABAEA CAR SERVICES WORKSHOP** शहरः RIYADH

पुर्व स्वीकृत मितिः २०८०/०४/१४ चलानी नं.: ६०२०५३८७ L.T. No.:290097 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | workshop labor | 1 | 0 | स. काममा दक्ष | 1200 | ४२,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० माघ २६ गते (9 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले ब्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Al Taaz International Pvt. Ltd.**
Gov. Lic. No. 1251/074/075
G.P.O Box No: 179, Basundhara, Kathmandu, Tel : 5905101, 5905102,
Mob.: 9801147203, 9801147204, 9801147206, 9801147207, 9801147208, 9823402131
Fax No: 4350995, E-mail: altaaznepal@gmail.com, Web.: www.altaazintl.com.np

## यूएईमा वैदेशिक रोजगारको अवसर

कम्पनीः **PRIVATE EYES MANAGEMENT CONSULTANCIES CO.** शहरः UAE

पुर्व स्वीकृत मितिः २०८०/०५/०५ चलानी नं.: ६०२०६६०४ L.T. No.: 291404 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 50 | 0 | स. काममा दक्ष | 1200 | ४३,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ २६ गते (9 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**BRIGHT FUTURE HR SOLUTION PVT.LTD.**
KMC-03, Basundhara, Kathmandu, Nepal.
Phone No. : 01-5914632
Email : cvsbrightfuturehrs@gmail.com

## साउदीमा रोजगार |

१. कम्पनी : TAMDEED INFRATRUCTURE CONTRACTING COMPANY शहरः SAUDI ARABIA

पुर्व स्वीकृत मितिः २०८०/१०/१७ चलानी नं.: ६०२१४१२२ LT. No.: 299165

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2000 | ७०,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Construction workers | 1 | 0 | | 2445 | ८६,४३० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ २६ गते (9 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं. ३१२/०५९/०६०

**ब्लुमुन ओभरसिज नेपाल प्रा. लि.**
चाबहिल- ७, काठमाडौं, फोन: ४४८८१३६ | Email- bluemoonoverseas312@gmail.com

## कतारमा रोजगार |

कम्पनीः **PINNACLE TRADING & TRADING W.L.L.** शहरः DOHA

पुर्व स्वीकृत मितिः २०८०/०५/१९ चलानी नं.: ६०२०७५०४ LT. No.: 291934 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Executive Secretary | 0 | 2 | सम्बन्धित काममा दक्ष | 2500 | ९०९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Carpenter | 4 | 0 | | 1200 | ४३६४४ | | | | | | | |
| 3. | Helper | 5 | 0 | | 1000 | ३६३७० | | | | | | | |
| 4. | Welder | 5 | 0 | | 1200 | ४३६४४ | | | | | | | |
| 5. | Tile Maker | 5 | 0 | | 1200 | ४३६४४ | | | | | | | |
| 6. | Mechanic | 1 | 0 | | 1200 | ४३६४४ | | | | | | | |

## कुवेतमा रोजगार |

कम्पनीः **AL SHAMIYA INTERNATIONAL CATERING CO.** शहरः Kuwait

पुर्व स्वीकृत मितिः २०८०/०९/२२ चलानी नं.:६०२१२६६४ LT. No.:297675 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Cook | 20 | 0 | स. काममा दक्ष | 125 | ५३,८८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

## मलेसियामा रोजगार |

कम्पनीः **FISKE SDN. BHD.** शहरः SELANGOR

पुर्व स्वीकृत मितिः२०७९/०७/२४ चलानी नं.:६०१९१९१९ LT. No.: 275122 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factrory Worker | 11 | 0 | स. काममा दक्ष | 1500 | ४२,०४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ २६ गते (9 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**C.D. Human Resources Pvt. Ltd.**
Gov. Lic. No. 1048/073/74
Kalimati Dol (Near Airport), Kathmandu
Tel.: 01-4586262, Fax: 4486263
Mob.: 984238673, 9801081253, 9801081255, 9801081247, 9801081252
Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np

## कुवेतमा रोजगार|

कम्पनीः SHAIKHA ALAZMI BEAUTY SALON शहरः Kuwait

पुर्व स्वीकृत मितिः २०७९/०६/०९ चलानी नं.: ६०१८८२८७ L.T. No.: 272567 पून विज्ञापन

| सि.नं. | कामदारको पद | महिला | न्यूनतम योग्यता | KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician (Hair & Shoulder Massage) | 6 | सम्बन्धित काममा दक्ष | 170 | ७३२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Beautician (Manicure & Pedicure) | 14 | | 150 | ६४६५९ | | | | | | | |
| 3. | Beautician (Stylish Hair Cut) | 8 | | 160 | ६८९६९ | | | | | | | |
| 4. | Body Wash | 5 | | 130 | ५६०३७ | | | | | | | |
| 5. | Eyelashes Fixer | 4 | | 150 | ६४६५९ | | | | | | | |
| 6. | Office Cleaner | 3 | | 120 | ५१७२७ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालयमा २०८० माघ २६ गते (9 February 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**Destiny Human Resource Nepal Pvt. Ltd.**
Gov. lic. No. 789/065/66
Tinkune, Kathmandu, Nepal
Tel.: 01-5104632/01-5104634, Email:tinkunedestinyhr@gmail.com
Mob: 9863911244, 9851202756, 9851170405, 9860405352

मध्यान्ह
www.madhyanhadaily.com
१९ माघ २०८०, शुक्रबार
2 February 2024, Friday

# हेन्डलिङ ट्रिटमेन्ट नमिलेकाले शीतभण्डारमै सुन्तला कुहिएको निष्कर्ष

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १८ माघ



अर्घाखाँचीको पाणिनिमा शीतभण्डारमा राखिएका सुन्तला 'रफ हेन्डलिङ र ट्रिटमेन्ट' नमिलेका कारण हरियो र निलो ढुसीले कुहिएको वैज्ञानिकको अनुसन्धानबाट पत्ता लागेको कृषि ज्ञान केन्द्र अर्घाखाँचीका प्रमुख बुद्धि राज घिमिरेले जानकारी दिएका छन् ।

पाणिनि गाउँपालिका-२ पोखराथोकमा रहेको शिवशक्ति शीतभण्डारमा पणेनाको सिम्ले र पोखराथोकका कृषकले राखेको ९० मेट्रिक टनमध्ये ६३ मेट्रिक टन सुन्तलाका दानामा ढुसी लागेर नष्ट भएपछि नेपाल कृषि अनुसन्धान परिषदका वरिष्ठ वैज्ञानिक उमेश आचार्यको टोलीले स्थलगत अनुसन्धान गरेको घिमिरेले बताए । मुख्यगरी हरिया र निलो ढुसीका कारण सुन्तला नष्ट भएको वरिष्ठ वैज्ञानिक आचार्यको टोलीले स्थलगत अनुसन्धानपछि निष्कर्ष निकालेको घिमिरेको भनाइ छ ।

भण्डारण गर्दा प्राविधिक त्रुटि रहेको, खुला हातले पञ्जा नलगाइ शीत भएको समयमा टिपिएको, भण्डारण गर्दा घरलाई निर्मलीकरण सोडियम हाइपोक्लोराइडको मात्रा कम राखेको र जसका कारण अघिल्लावबर्षहरुको ढुसीका जीवाणु नष्ट नभएको अनुसन्धानपछि पत्ता लागेको छ । सुन्तलालाई पटक-पटक हातले छुँदा ढुसीले बढी आक्रमण गरेको, भण्डारण घरको तापक्रम र आद्रता पनि नमिलेको देखिएको वैज्ञानिक टोलीको प्रतिवेदनमा उल्लेख गरिएको छ । सुन्तला टिप्दा आधा हरियो र आधा पाकेको टिप्नु पर्नेमा सबै पाकेका सुन्तलाहरु टिपेको, हातका कारण बढी ढुसी लागेको निष्कर्ष निकालिएको छ ।

सुन्तला कसरी र किन कुहियो भनेर आइतबार नेपाल कृषि अनुसन्धान परिषदका वरिष्ठ वैज्ञानिक आचार्य, कृषि विकास निर्देशनालय बुटबलका बाली संरक्षण अधिकृत मिलन गैरे, कृषि विकास निर्देशनालय बुटबलका बागबानी अधिकृत सुनयना बराली र कृषि ज्ञान केन्द्र अर्घाखाँचीका प्रमुख घिमिरेको टोलीले स्थलगतरुपमा शीतभण्डारणमा पुगेर अनुसन्धान गरेको थियो ।

